मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily




● वर्ष १ ● अंक ९८ ● २०७९ साल फाल्गुन ३ गते बुधबार ● Wednesday 15, Feb. 2023 ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# सप्तरीमा आत्महत्याको क्रम बढ्दो

*किशोर किशोरीहरु प्रेममा असफलताका कारण र उमेर पुगेकाहरु ऋणको बोझ तथा आर्थिक अभावकै कारण आत्महत्या गर्ने गरेको पाइन्छ। पछिल्लो दुई वर्ष यता सप्तरीमा प्रत्येक महिना औसत आठ जनाले आत्महत्या गर्ने गरेको तथ्याङ्क छ।*

विनय कर्ण
सप्तरी, २ फागुन।

सप्तरीमा आत्महत्या गर्नेको क्रम बढ्दो मात्र छैन् तथ्यांक पनि डरलाग्दो छ। दुई बर्ष ७ महिनाको अवधिमा सप्तरीमा तीन सय १४ जनाले आत्महत्या गरेका छन्। जसमध्ये झुण्डिएर मर्नेको संख्या दुई सय ३० रहेको छ भने विष सेवन गरी ८४ जनाले आत्महत्या गरेका छन्।

यस आर्थिक बर्षको साउन देखि अहिलेसम्ममा ६० जनाले आत्महत्या गरिसकेका छन्। पछिल्लो ७ महिनाको औसतलाई हेर्ने हो भने प्रति महिना ८ जना भन्दा बढीले आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीको तथ्याकले देखाएको छ।

यस आर्थिक बर्षको साउन देखि अहिलेसम्ममा झुण्डिएर आत्महत्या गर्ने ५० जना रहेका छन् भने १० जना विष सेवन गरी आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक नरेशकुमार सिंहले आर्थिक समस्या र अशिक्षाका कारण आत्महत्या गर्ने गरिएको बताए। आफूले चिताएको कुरा पुरा नभएपछि डिप्रेसनमा गएर आत्महत्या गर्ने चलन बढ्दै गएको प्रति उनले चिन्ता व्यक्त गरे।

"आत्महत्याको विभिन्न कारणहरु छन्। आर्थिक समस्या, अशिक्षा, समस्याबाट लडने क्षमता नभएको र मनले चिताएको आकांक्षा पुरा गर्न नपाएपछि डिप्रेसनमा गएर आत्महत्या गर्ने गरिएको छ" सिंहले भने।



गजेन्द्रनारायण सिंह अस्पताल राजविराजका फिजिसिनयन डा. अरुणकुमार साहले आर्थिक अभावकै कारण आत्महत्याको श्रृंखला बढ्दै गएको बताउँछन्।

उनले ३५ बर्ष भन्दा कम उमेर समूहका व्यक्तिहरुको आवश्यकता बढी भएको र सो अनुसारको आर्थिक उपलब्धता नभएको कारण पनि तनावमा गएर आत्महत्या गर्ने गरेको बताए।

"आर्थिक आभावले तनावको सृजना गर्छ अनि समस्यासँग लडेर पार पाउनको सट्टा मृत्यूलाई रोज्ने गर्छन्" डा. साहले भने।

साहका अनुसार युवा युवतीहरुमा तनाव सहने क्षामता कम हुनु र ईलेक्ट्रोनिक उपकरण तथा ईन्टरनेटको प्रयोगले सोचाईमा परिवर्तन आएर समस्याको समाधान खोज्नुको साटो जिवन नै समाप्त गर्ने बाटो रोज्दछन् उनीहरु।

अहिले ऋण बोझका कारण पनि झुण्डिएर मर्नेको संख्यामा बृद्धि हुँदै गएको सप्तरीका ईन्सेक प्रतिनिधि मनोहर पोखरेलको तर्क छ। उनले किशोर किशोरीहरु प्रेममा असफलताका कारण र उमेर पुगेकाहरु ऋणको बोझ तथा आर्थिक अभावकै कारण आत्महत्या गर्दै आएको बताउँछन्।

"ऋणको बोझ, आर्थिक अभाव, प्रेममा असफलताले तनाव बढाउँछन् र यस्ता किसिमका तनाव व्यवस्थापन गर्न नसक्दा आत्महत्या गर्न पुग्छन्" अधिकारकर्मी पोखरेलले भने।

उनले कुनै पनि प्रसंगका कारण भएको तनाव आफ्नो घरपरिवारमा छलफल गरेर व्यवस्थापन गर्न सकिएपनि त्यो नगर्दा यस्तो अवस्था आउने गरेको बताए।

आत्महत्यापछि त्यसको यथेष्ट अनुसन्धान नहुनुले पनि यस्तो प्रकारको घट्नामा वृद्धि हुँदै गएको तर्क अधिकारकर्मी पोखरेलको छ। "आत्महत्यापछि अनुसन्धान गरिदैन्। कारण पनि खोजिदैन्। मानिस मरेपछि फायल बन्द हुन्छ, कुरा सकियो" पोखरेलले भने।

राज्यले यस्तो घट्नाको अनुसन्धानमा चासो लिएर दुरुत्साह गर्ने उपर कारवाही गरिए यस्ता घट्नामा कमि आउने अधिकारकर्मी पोखरेलको भनाई छ।

आर्थिक अभाव, बेरोजगारी र परिवारिक द्वन्द्वलाई आत्महत्याको मुख्य कारण बताउँछन् धर्मगुरु पंडित रामकुमार शास्त्री। उनले सामुहिक भन्दा पनि एकल परिवारको बसाईले तनाव व्यवस्थापन गर्ने सहज नहुँदा यस्तो घट्ना समाजमा बढीरहेको तर्क गरे। "अहिले सबै एकल परिवारमा बस्न रुचाउँछन्। बेरोजगारीले आर्थिक समस्या हुँदा जिवन पद्धतीमा ह्रास आउँछ र तनाव बढाउँछ, त्यसपछि यस्तो परिणाम आउँछ" शास्त्रीले भने।

उनले समाजमा संस्कार हराउँदै गएको र कूलत तथा अशिक्षाले जडो गाडेको कारण पनि यस्तो अवस्था सृजना हुने भएकोले बाल्यकाल देखि आमाबाबुले समय खर्चिएर बालबालिकाहरुमा संस्कार शिक्षा दिएर कूलतबाट जोगाउन सके यस्ता घट्नामा कमि आउने विश्वास व्यक्त गरे।

जिल्ला प्रहरी कार्यालय सप्तरीको तथ्यांक अनुसार आर्थिक बर्ष २०७७।०७८ मा एक सय १८ र २०७७।०७८ मा १३६ तथा यस आर्थिक बर्षको ७ महिनामा ६० जनाले आत्महत्या गरेको देखाएको छ।

# संसदमा भ्रष्टाचारको छानबीन र अन्त्यको माग

*सांसदहरु भन्छन् : लेखा समितिमा थन्किएका सौन्दर्यीकरण, नदी नियन्त्रणमा र कृषिमा भएका भ्रष्टाचारका फाइलहरू खोलिनु पर्दछ। यातायात कार्यालयबाट महिनामा ५ हजार लाइसेन्स वितरण हुन्छन्, मासिक करिब १० करोड रुपैयो दलाल मार्फत भ्रष्टाचार भइरहेको छ।*



मधेशदृष्टि
जनकपुरधाम, २ माघ।

मधेश कृषि विद्यालयमा भएको भ्रष्टाचारको छानबीन र यातायात व्यवस्था कार्यालयमा दिनदहाडै भइरहेको भ्रष्टाचार अन्त्यको प्रदेश सभा सदस्यहरुले माग गरेका छन्।

मंगलवार प्रदेश सभामा बसेको बैठकमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) प्रदेश दलका नेता अभिराम शर्माले मधेस कृषि विश्वविद्यालयमा भएको भ्रष्टाचारको छानबिन गर्न सरकारसँग माग गरेका हुन्। मधेस प्रदेशसभाको ५ औँ वार्षिकोत्सवमा मुख्यमन्त्री सरोजकुमार यादवले भ्रष्टाचार शून्यमा झार्ने र सरकार बुलेट ट्रेनकै गतिमा काम गर्ने दिएको अभिव्यक्तिलाई ईंगित गर्दै उनले उक्त विश्वविद्यालयमा भएको भ्रष्टाचारको छानबिन गर्न समिति गठन गर्न माग गरे।

प्रदेश सरकारले विशेष महत्वाकांक्षी ऐन बनाएर ल्याइएको योजनाको कृषि विश्वविद्यालयको गाडी र कर्मचारी कोही निजी व्यक्तिले प्रयोग गर्नु दुःखद रहेको बताए। उनले भने 'बा.२ झ २४१५ नम्बरको प्रदेश सरकारको गाडी कुनै व्यक्ति चढिरहेको छ। प्रदेश सरकारको कर्मचारी कसैको निजी रूपमा प्रयोग भइरहेको छ। यस्ता गैरकानूनी कार्य रोक्न सरकारसँग माग गरे।'

विगतमा भएको सकारात्मक र रचनात्मक कार्यलाई निरन्तरता र सौन्दर्यीकरणको नाममा भ्रष्टाचार, नदी नियन्त्रणमा भ्रष्टाचार र कृषिमा भएको भ्रष्टाचारको सबै फाइलहरू प्रदेशसभामा लेखा समितिमा यथास्थितिमा रहेको हुँदा यी अनियमितताहरू गम्भीरताका साथ अगाडी बढाउनुपर्ने माग उनको थियो। शर्माले प्रदेशका कृषि मन्त्रीले किसानलाई निःशुल्क विद्युत् महसुल र मल खाद्यको बढाएको गतिविधि सकारात्मक पहल भएको भन्दै उनले यस्ता काम स्वागत योग्य भएको बताए।

त्यस्तै बैठकमा नेकपा एमालेका प्रदेश सभा सदस्य दीपेन्द्रकुमार ठाकुरले जनकपुर यातायात कार्यालयमा भइरहेको दिनदहाडै भइरहेको भ्रष्टाचारको अन्त्य गर्न माग गरे। उनले भने, जनकपुर यातायात कार्यालयमा ७७ वटै जिल्लाका मान्छे सवारी चालक अनुमति पत्र लिन आउँछन्। यातायात कार्यालयको डाटा हेर्दा महिनामा ५ हजार लाइसेन्स वितरण भइरहेको छ। ५ हजार लाइसेन्समा करिब १० करोड रुपैया बराबरको दलाल मार्फत - बाँकी पृष्ठ ६ मा

## पप्पुको लापरवाही ९ वर्षमा पनि बनेन् पुल

# पुल निमार्णका लागि सहनी आमरण अनशनमा

*मुलुकमा तीन तहको सरकार निमार्ण भएको समेत करिब ६ वर्ष बितिसक्दा पनि पुल निमार्णका लागि कसैले चासो देखाएनन्। नेकपा(समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल सोही क्षेत्रबाट निर्वाचित भएका हुन्।*




विकास अग्रवाल, रौतहट, २ फाल्गुन।

विगत ९ बर्ष देखि अलपत्र अवस्थामा रहेको पुल निमार्ण गर्न माँग गर्दै स्थानीय एक व्यक्तिले आमरण अनशन सुरु गरेका छन्।

रौतहटको गौर नगरपालिका ४ स्थित लालबकैया नदीमा विगत ९ वर्ष देखि अलपत्र अवस्थामा पुल छाडेको भन्दै स्थानीय सञजय सहनीले अनशन सुरु गरेका हुन्। गुणस्तरहीन रुपमा निमार्ण भएको पुललाई नयाँ ढंगले निमार्ण तथा दोषी निमार्ण व्यवसायीलाई कारबाहीको माँग गर्दै सहनी सोमवार साझ देखि अनशनमा बसेका छन्।

सदरमुकाम गौर र इशनाथ नगरपालिका जोड्ने टिकुलिया घाटस्थित लालबकैया नदीमा पुल निमार्ण नहुँदा वर्षेनी स्थानीय बासिन्दाहरु समस्या खेप्दै आएका छन्। पप्पु कन्सट्रक्सनले गुणस्तरहिन निमार्ण गरी अलपत्र पारेको लालबकैयाको पुल तत्काल निमार्णका लागि आमरण अनशनमा बसेका छन्।

मुलुकमा तीन तहको सरकार निमार्ण भएको समेत करिब ६ वर्ष बितिसक्दा पनि पुल निमार्णका लागि सम्बन्धित निकायले कुनै चासो नदेखाउँदा बाध्य भएर अनशनमा बस्नु परेको अनशनकर्ता तथा पत्रकार सहनीले बताए। स्थानीय, प्रदेश तथा संघले पुल निमार्ण गर्न चासो देखाएनन् उनले भने 'स्थानीय स्तरमै आफु उभिएकोले यसलाई सकारात्मक रुपमा लिन आग्रह समेत गरे।' आफ्नो अभियानलाई सकारात्मक सोचकासाथ लिन र सहयोग गर्न आग्रह गर्दै सहनीले आमरण अनशनबाटै प्रधानमन्त्री, पुर्व प्रधानमन्त्री, मन्त्री, सभामुख, पुर्व मन्त्री, मुख्यमन्त्री, सभामुख, सासद, - बाँकी पृष्ठ ६ मा





काठमाडौँको पशुपतिनाथ क्षेत्र अवलोकन गर्दै विदेशी पर्यटक। *तस्बिर : हरिराम भेटुवाल/ रासस*

# भारतले पुर्‍याएको योगदानको कदर गर्नुपर्ने

मधेशदृष्टि
वीरगंज, २ माघ । वीरगंज र झापामा 'नेपाल-भारत सहकार्य' विषयक विचार गोष्ठी सम्पन्न भएको छ । दुई देश बीचको भौगोलिक, सांस्कृतिक, ब्यापारिक र राजनीत सम्वन्धका विषयमा जानकारी आदान प्रदान गर्ने उदेश्यले राष्ट्रिय एकता अभियानद्वारा सो कार्यक्रम आयोजना गरिएको हो । अभियानका राष्ट्रिय अध्यक्ष विनय यादवको प्रमुख आतिथ्यमा वीरगंजमा आयोजित कार्यक्रममा प्राध्यापक देवेंद्र मिश्र, समाजसेवी महेश अग्रवाल, सुरेन्द्र नाथ तिवारी,डा' अजय यादव, सचितानंद सिंह, समाजिक अभियंता ओमप्रकाश सर्राफ लगायतले आफ्नो मनतव्य राखेका थिए ।
कार्यक्रमका बक्ताहरुले भारत र नेपालको आत्मा एकै भएको तर्क गर्दै नेपालको विकासमा भारतले पुर्याईरहेको योगदानको कदर गर्नुपर्ने बताए ।कार्यक्रमको अध्यक्ष श्याम तिवारीले गर्नु भएको थियो भने संचालन अभियान निकट विधार्थी परिषदका संयोजक विवेक कुशवाहाले गरेका थिए ।
यसैगरी, झापामा 'नेपाली संस्कृति र विकास क्षेत्रमा नेपाल-भारत सहकार्य' विषयमा कार्यक्रम सम्पन्न भएको छा अभियानका जिल्ला अध्यक्ष मणिकुमार राईको अध्यक्षता तथा अभियानकी राष्ट्रिय उपाध्यक्ष सुनिता साहको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको छ ।
सो कार्यक्रममा विश्व हिन्दु महासंघका जिल्ला अध्यक्ष मोहन उप्रेती, विश्व हिन्दु परिषदका अध्यक्ष होमनाथ ढुंगेल, अभिायनकी कोषाध्यक्ष तारा राजवंशी, पुनमकुमारी मुखिया, गणेश सिंह, दिपेन्द्र यादव, दयानन्द गोश्वामी लगायतले बोलेका थिए ।

# १७ लाख भारु सहित एक पक्राउ

मधेशदृष्टि
महोत्तरी, २ फागुन । प्रहरीले १७ लाख भारतीय रुपैयाँसहित महोत्तरीबाट एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा महोत्तरीको मटिहानी नगरपालिका-८ का २९ वर्षीय महेश यादव रहेको प्रहरीले जनाएको छ । प्रहरीले यादवलाई १७ लाख भारु अर्थात नेपाली २७ लाख २० हजार रुपैयाँसहित पक्राउ गरेको हो । मंगलबार बिहान ज ६ प ६६६४ नम्बरको मोटरसाइकलको ट्यांकीमा लुकाएर भारततर्फ गईरहेको गोप्य सूचनाको आधारमा नेपाल भारत सिमास्थित मटिहानीबाट उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक सन्तोष पोखरेलले जानकारी दिए । डिएसपी पोखरेलका अनुसार उनको साथबाट ५ सयको भारतीय नोट ३४ सय थान बरामद गरिएको छ । उनीमाथि विदेशी विनियम ऐन २०१९ अन्तर्गत आवश्यक कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारा पठाइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।




# चन्द्रपुरमा विकास निमार्णको काममा बेथिति

मधेशदृष्टि
रौतहट, २ फागुन ।
रौतहटको चन्द्रपुर नगरपालिका वडा ९ र १० मा भैरहेको विभिन्न विकास निर्माणको काममा बेथिति देखिएको स्थानीयहरुले गुनासो गरेका छन ।
चन्द्रपुर ९ र १० मा करोडौंको लागतमा निर्माण भैरहेको सडक ढलान,कालोपत्रे ,सौचालय ,धर्मशाला ,तथा नाला निर्माणमा बेथिति देखिएको हो । करोडौंको लगानीमा उक्त संरचनाहरु निर्माण भैरहेको छ तर कसको लगानी,स्टिमेट, ठेकदार अथवा उपभोक्ता कसले गराईरहेको छ खुल्न सकेको छैन । कुनैपनी भौतिक संरचना निर्माण गर्दा लागत,स्टिमेट,ठेकदार,उपभोक्ता कसले गराईरहेको छ योजनाको नाम,निर्माण अवधी सम्पुर्ण उल्लेख गरेर निर्माण स्थलमा हुडिङबोर्ड लगाउनुपर्ने नेपाल सरकारले ब्यवस्था गरेको छा तर चन्द्रपुर ९ र १० मा भैरहेको निर्माण करोडौंको काम मापदण्ड अनुसार हो कि होईन कसले कुन योजना लिएका छन ठेकदार अथवा उपभोक्ता समितिले निर्माण स्थलमा हुडिङबोर्ड नराखेको कारण गाउँलेहरु अन्यौलमा परेको स्थानीय समाजसेवी हर्ष बहादुर खनालले बताए । निर्माणको कामको रेखदेख गरिरहेका मानिस संग योजना बारे जानकारी माग्दा वा हुडिङबोर्ड राख्न भन्दा उल्टै झगडा गर्न आउनेगरेको स्माजसेवीखनालले जानकारीदिए । चन्द्रनिगाहपुर नगरपालिकाका जनप्रतिनिधि तथा केही कर्मचारीको मिलोमतोमा ठेकदार तथा उपभोक्ताका अध्यक्षले मापदण्ड बिपरित काम गरेर जनताको आंखामा छारो हाल्न खोजेकाले उनिहरुमाथी छानबिनका लागि अख्तियार दुरुपयोग अनुसंधानमा उजुरी दिने समाजसेवी खनालले चेतावनी दिए ।
उता चन्द्रपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरिले निर्माण भैरहेको सबै कामहरुको हुडिङबोर्ड राख्न सम्बन्धि ठेकदार तथा उपभोक्ता समितिका अध्यक्षलाई अबिलम्ब लिखित जानकारी दिने बताए ।

# निर्माण भएको एक वर्षपछि बसपार्क सञ्चालन


सर्लाही, २ फागुन ।
सर्लाहीको मलङ्गवा नगरपालिका-२ मा निर्माण गरिएको सुविधा सम्पन्न बसपार्क प्रयोगमा ल्याइएको छ । मलङ्गवा नगरपालिका -२ मा सङ्घीय सरकारको रु आठ करोड ३१ लाखको लागतमा निर्माण गरिएको उक्त बसपार्क करिब एक वर्षपछि सञ्चालनमा ल्याइएको हो । मलङ्गवा नगरपालिका-९ मा रहेको पुरानो बसपार्क साँघुरो भएको र बजार विस्तारसँगै सवारी साधनको चाप बढेका कारण नयाँ बसपार्क निर्माण गरिएको थियो । नयाँ बसपार्कको निर्माण भएको करिब एक वर्ष हुनै लाग्दा पनि सरोकारवाला निकायले ध्यान नपुर्‍याउँदा बसपार्क प्रयोगविहीन अवस्थामा रहेको मलङ्गवा यातायात प्रालिका अध्यक्ष राजीव यादवले बताए ।
आफूहरु नयाँ बसपार्कमा जान तयार रहे पनि ठेकेदार कम्पनीले नगरपालिकालाई बसपार्क हस्तान्तरण नगरेको र नगरपालिकाले पनि चासो नदिँदा नयाँ बसपार्कमा जान नपाइएको उहाँको भनाइ थियो । बसपार्क निर्माण भए पनि सरोकारवाला निकाय एकले अर्कोलाई आरोप लगाउँदै लामो समयसम्म मलङ्गवा नगरपालिका-९ मा रहेको पुरानो बसपार्कबाटै बस सञ्चालन गरेका नगरप्रमुख नागेन्द्रप्रसाद यादवले बताए । उनका अनुसार नयाँ बसपार्कबाट बस सञ्चालनमा ल्याउने विषयमा जिल्लाका यातायात व्यवसायीसँग पटक-पटक छलफल गरिए पनि कुनै निष्कर्ष निस्केको थिएन् । केही यातायात व्यवसायीले नयाँ बसपार्कमा आफूहरु नजाने भन्दै नगरपालिकामा डेलिगेसन पनि आएका नगरप्रमुख यादवले बताए । तर नगरपालिकाले कार्याविधि नै बनाएर नयाँ बसपार्कबाट बस सञ्चालन गरेको छ । करिब २५ रोपनी क्षेत्रफलमा निर्माण भएको बसपार्कमा एकैसाथ ५२ वटा ठूला र २० वटा साना गरी ७२ वटा यात्रीबाहक सवार ीसाधन पार्किङ गर्नसक्ने क्षमता रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रहरी निरीक्षक ईश्वर कार्कीले बताए । उनका अनुसार मलङ्गवा नगरपालिका-९ मा रहेको पुरानो बसपार्कबाट बस सञ्चालन गर्दा ट्राफिक प्रहरीलाई व्यवस्थापनमा निकै समस्या हुने गरेको थियो ।बजार विस्तासँगै साँघुरिँदै गएको पुरानो बसपार्कबाट बस सञ्चालन हुँदा सवारी व्यवस्थापनमा समस्या हुनाका साथै दुर्घटनाको जोखिमसमेत बढ्ने गरेको थियो, अब नयाँ बसपार्कबाट बस सञ्चालन हुँदा बसपार्कका कारण हुने बजारको भीडभाड पनि कम हुने र दुर्घटनाको जोखिम पनि कम हुन्छ । प्रहरी निरीक्षक कार्कीले भने ।
अढाइ तल्ले टर्मिनल भवन, शौचालय, खानेपानी, प्रतिक्षालय, वर्कसप, पार्किङलगायत सुविधा सहितको बसपार्क झापाको सुरुङ्गास्थित कन्काइ इन्टरनेशनल विल्डर्सले रु आठ करोड ३१ लाखको लागतमा निर्माण गरेको हो । नेपाल सरकारले ठूलो लगानी गरेर निर्माण गरिदिएको बसपार्क लक्ष्यअनुसार नै प्रयोगमा ल्याइएको सर्लाहीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताए ।
उनका अनुसार राज्यले ठूलो रकम खर्चेर निर्माण गरिएको बसपार्कमा कुनै पनि बाहनामा जान्न भन्न नपाइने बताए । बस पार्कबाट बस सञ्चालनको क्रममा कुनै किसिमका समस्या आएमा सुरक्षाका लागि सबै शक्ति लगाउन तयार रहेको प्रमुख प्रहरी उपरीक्षक नरेशराज सुवेदीले बताए । नयाँ बसपार्कबाट बस सञ्चालनको क्रममा सुरक्षासम्बन्धी समस्या देखिएमा समाधानका लागि जिल्ला प्रहरी कार्यालय तयार रहेको उहाँले जानकारी दिए । संचारमाध्यममा समाचार आएपछि मलङ्गवा नगरपालिका, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयको ध्यान केन्द्रीत भएको थियो । ठूलो रकम खर्चेर निर्माण भएको बसपार्क निर्माण सम्पन्न भएको करिब एक वर्षपछि मात्रै सञ्चालनमा आएको हो ।
राज्यको करोडौँ रकम खर्च गरेर बनाइएको बसपार्क निर्माण भइसकेको एक वर्षपछि सरोकारवाला निकायले संयुक्तरूपमा पुरानो बसपार्कबाट नयाँ बस पार्कमा बस लगेर सञ्चालनमा ल्याएका हुन् । जिल्लाबाट लामो तथा छोटो दूरीका गरी करिब ९० वटा बस दैनिक छुट्ने गरेका छन् ।रासस



# अनसनमा बसेका मीटर रिडर्सको स्वास्थ्य खराब

मधेशदृष्टि
काठमाडौ, २ फागुन । नेपाल विद्युत प्राधिकरणविरुद्ध आमरण अनसनमा बसेका 'मिटर रिडर्स' मध्ये तीन जनाको स्वास्थ्य अवस्था खराब भएको छ ।
धर्नासँगै तीनदिनदेखि आमरण अनशन बसेका रामनाथ महतो र गणेश यादवको स्वास्थ्य अवस्था खराब भएपछि मंगलबार वीर अस्पताल भर्ना गरिएको मिटर रिडर्स संघर्ष समितिका केन्द्रीय सचिव उज्ज्वल झाले जानकारी दिए । गोटा गन्ती मिटर रिडर संघर्ष समितिको आयोजनामा विद्युत प्राधिकरणको केन्द्रीय कार्यालय रत्नपार्कमा मिटर रिडर्स धर्ना तथा अनशन गर्दै आइरहेका छन् । प्राधिकरणले पक्षपातपूर्ण व्यवहार गरेको भन्दै ६२२ जना ' मिटर रिडर्स' ११ सुत्रीय मागसहित आन्दोलनमा छन् ।
गोटा पद्धति खारेजी गरी तत्काल ज्यालादारीमा काम लगाउनु पर्ने, गोटा नियुक्ति र बर्खास्त प्रकृया बन्द गर्नु पर्ने, गोटाबाट ज्यालादारी व्यवस्थापन गर्दा आजीवन बर्खास्त नगर्ने ग्यारेन्टी हुनुपर्ने, तहगत व्यस्थापन गराउनु पर्ने, सार्वजनिक विदा वाहेक एक वर्षमा १२ दिनसम्म भइ परि आउने बिदा र ६० दिन सुत्केरी बिदा दिनु पर्ने, बढी अतिरिक्त समय काममा लगाए अतिरिक्त भत्ताको व्यवस्था गर्नुपर्ने, प्राधिरकरणको कामको सिलसिलामा दुर्घटनामा परेमा उपचार गराएवापत वास्तविक उपचार खर्चको व्यवस्था हुनुपर्ने, मिटर रिडर गोटा गन्ती संघर्ष समिति सँग भएको सहमतिलाई कार्यान्वयन हुनु पर्नेसहितका माग उनीहरुको छ । यसअघि भदौमा उनीहरु आन्दोलन गरेका थिए । त्यस बेला प्राधिकरण नेतृत्व र रिडरहरुबीच २ बुँदे सम्झौता भएको थियो । सम्झौतामा ६२३ जना गोटा गन्तीमा आधारित मिटर रिडर्सलाईसमेत मासिक ज्यालादारी बराबरको सेवा सुविधा उपलब्ध गराउने निर्णय भएको थियो ।
तर पाँच महिना बित्दा समेत कार्यान्वयन नभएको भन्दै पुनः आन्दोलनमा बाध्य भएर उत्रिनु परेको सचिव झाले बताए । हाल प्राधिकरणमा विद्युत्को मिटर रिड गर्ने कर्मचारीको ४ वटा वरीयता छ । प्राधिकरणले ठेकेदार कम्पनीमार्फत, करारमा, मासिक ज्यालादारी र गोटा गन्तीमा आधारित मिटर रिडर्स राखेको छ । मासिक ज्यालादारीमा मिटर रिड गर्ने २ हजार ८०० हाराहारीमा छन् ।

# कांग्रेस प्रमुख सचेतकमा झा



मधेशदृष्टि
जनकपुरधाम, २ फागुन । नेपाली कांग्रेस मधेश प्रदेश प्रमुख सचेतकमा कुमरकान्त झालाई मनोनित गरिएको छ ।
प्रदेश सभा सदस्य झालाई नेपाली कांग्रेस प्रदेशसभा संसदीय दलको विधान २०७४ को धारा ६ को उपधारा (६) वमोजिम पार्टीको मधेस प्रदेशसभा संसदीय समितिको प्रमुख सचेतक पदमा मनोनित गरिएको हो ।
नेपाली कांग्रेस संसदीय समितिलाई थप सुदृढ एवं गतिशील बनाउन झाको महत्वपूर्ण सहयोग र योगदान रहनेछ भन्ने विश्वासका साथ प्रमुख सचेतक मनोनित गरिएको कांग्रेस संसदीय दलका नेता कृष्ण प्रसाद यादवले बताए ।

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज विशिष्ट व्यक्तिको साथ पाइनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक र राजनैतिक कार्यमा बढी सफलता मिल्नेछ ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । परिवारमा सुख सन्तोष छाउला । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
आज यात्रामा मालसामान हराउने र मनमा निराशा आउला । प्रेममा मनमुटाव पनि आउन सक्छ, तर साँझमा यात्राको योजना बन्नेछ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज लाभदायक यात्रा रहला । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
मनमा दुबिधा उत्पन्न हुनेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । आर्थिक कारोबारमा मन्दी आउनेछ, आफन्तबाट सहयोग चैं मिल्ला ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज गरेको कार्यमा सफलता मिल्नेछ । शैक्षिक र वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज सुखदुःख बराबरी मध्यम खालको दिन छ । ठुलो कारोबारमा लगानी नगर्नु । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज मनमा शान्ति छाउनेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ । नयाँ कामको थालनी पनि हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
साना तिना समस्यामा अल्झनुपर्नेछ । स्वास्थ्यमा समस्या आउला । अनावश्यक धन खर्च हुनेछ । महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज विद्या र बुद्धिको विकास हुनेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# आयश्रोतको कमीले बजेट आकार घटाइयो

मधेशदृष्टि
जनकपुरधाम, २ माघ। आम्दानी श्रोतको जोहो हुन नसक्दा संघीय सरकारले चालू आर्थिक वर्षको बजेट आकार घटाएको छ। चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षा गर्दै विनियोजित बजेटको आकार घटाएको हो।

कूल विनियोजित १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख रुपैयाँ बराबरको बजेटको अर्धवार्षिक समीक्षा गर्दै अर्थ मन्त्रालयले बजेटको आकार १३.५९ प्रतिशतले घटाउँदै १५ खर्ब ४९ अर्ब ९९ करोड ७७ लाख रुपैयाँमा झारेको जनाइएको छ। आम्दानी स्रोतको आभाब (खर्चको जोहो गर्न नसक्दा) बजेट घटाउनुपर्ने बाध्यता सरकारलाई आएको छ।

अर्थतन्त्रमा आयातमुखी राजस्वको हिस्सा झण्डै ६० प्रतिशत रहेको छ। पछिल्लो पटक तीब्र आयातसँगै विदेशी मुद्राको सञ्चितिमाथि दबाब पर्न थालेसँगै सरकारले आयात नियन्त्रणलाई प्राथमिकता दियो। सरकारी तथ्याङ्क अनुसार पुस मसान्तसम्म जम्मा ४ खर्ब ८३ अर्ब ७६ करोड रुपैयाँ बराबर मात्र राजस्व सङ्कलन हुन सकेको छ। जुन लक्षित राजस्वको ३२ प्रतिशत मात्र हो। सरकारले चालु आर्थिक वर्षका लागि १४ खर्ब ३ अर्ब १४ करोड ७० लाख रुपैयाँ बराबरको राजस्व संकलनको लक्ष्य राखेको थियो, तर संकलन हुने अवस्था देखिदैन।

अर्थविद् सुरेन्द्र उप्रेती पछिल्लो समय अर्थतन्त्रमा दुई खालको दबाबका कारण समस्या आएको र त्यसले बजेटको आकार घटाउन बाध्य बनाएको बताउँछन्। 'खासगरी हाम्रो जस्तो आयातमुखी अर्थतन्त्रमा राजस्व र आर्थिक वृद्धिदरका क्षेत्रमा दबाब पर्दा खर्च कटौती गर्नुपरेको हो। मेजर कारण २४-२५ वर्ष यताकै उच्च दरमा राजस्व घटेको छ' अर्थविद् उप्रेतीले थपे, 'आन्तरिक तथा बाह्य प्रभाव पछिल्लो समय बैंकिङ तरलता, मनी सप्लाइको चेनमा समेत समस्या आउँदा राष्ट्रिय पुँजीको निर्माण बन्न सकेको छैन। जसले खर्चको अभावमा बजेट घटाउनु परेको हो।' उच्च राजस्वको हिस्सा बोक्ने गाडी, मोबाइल, मदिरा, सुनचाँदी लगायतका वस्तुहरूको आयात प्रतिबन्ध हुँदा झण्डै ५० प्रतिशतले राजस्व गुम्न पुग्यो। सुनचाँदी, फलामजन्य कच्चा पदार्थहरू, सेरामिक्स, कच्चा पाम आयल, सुर्यमूखी तेलको आयातमा समेत तीव्र गिरावटका कारण राजस्वमा ठुलो घाटा लागेको मन्त्रालयले जनाएको छ।

अर्थमन्त्रालयकै तथ्याङ्क अनुसार चालु आर्थिक वर्षको ६ महिनामा पेट्रोल गाडीहरूको आयात प्रतिबन्धका कारण ९१.७ प्रतिशतले आयात घट्दा यता राजस्व ९२.३६ प्रतिशतले घट्न पुगेको छ।

यस्तै, डिजेल गाडीहरूको आयात ७७.६६ प्रतिशतले घट्दा ७५.४५ प्रतिशतले राजस्व घट्न पुगेको छ।

सोही समयमा मदिरा (विदेशी रक्सी) को आयात ७१.९१ प्रतिशतले घट्दा ७०.६१ प्रतिशतले राजस्व घटेको छ। सुनचाँदी, फलामजन्य कच्चा पदार्थहरू, सेरामिक्स, कच्चा पाम आयल, सुर्यमूखी तेलको आयातमा समेत तीव्र गिरावटका कारण राजस्वमा ठुलो घाटा लागेको मन्त्रालयले जनाएको छ। अर्थ मन्त्रालयले जारी गरेको रिपोर्ट अनुसार समीक्षा अवधिमा आन्तरिक राजस्वतर्फ समेत तीब्र गिरावट आएको छ। नीतिगत तथा राजस्व दरमा भएको परिवर्तन, पैठारी नियन्त्रण गर्न लिइएका कदमका कारण परेको प्रभाव एवं कोभिड छुट लगायतका कारणले समेत राजस्व संकलनमा कमी आएको मन्त्रालयको भनाइ छ।

जग्गा तथा घर जग्गा निःसर्ग वापत भएको लाभमा लाग्ने करको दर २.५ प्रतिशतबाट ५ प्रतिशत र ५ प्रतिशतबाट ७.५ प्रतिशत कायम गरिएता पनि कित्ताकाट रोक, आर्थिक कारोबारमा सङ्कुचन र घरजग्गाको कारोबारमा सङ्कुचन हुँदा ५ अर्ब २९ करोड राजस्व गुमेको छ। यस्तै, धितोपत्र कारोबारमा कमी आएको कारणबाट ६ अर्ब ९० करोड, प्राकृतिक व्यक्तिको एकल छुटको सीमा बढाउँदा ९ अर्ब ३६ करोड र कोभिड छुट तथा व्यापार नीतिका कारण पैठारीमा भएको कमीबाट समेत गरी आयकरतर्फ २१ अर्ब ५२ करोड र मूल्य अभिवृद्धि करतर्फ २ अर्ब ५८ करोड कमी आएको मन्त्रालयले जनाएको छ।

समीक्षा अवधिमा भएको राजस्व सङ्कलन लक्षित राजस्वको करिब ३५ प्रतिशत मात्र भएकाले बाँकी अवधिमा लक्ष्यको ६५ प्रतिशत बढी राजस्व सङ्कलनको दबाब सरकार माथि रहेको छ। अर्थ मन्त्रालयले भन्सार महसुल बापत आर्थिक वर्षमा (संशोधितसहित) २ खर्ब ५३ अर्ब ९४ करोड ३५ लाख रुपैयाँ, मूल्य अभिवृद्धि कर बापत ३ खर्ब ४९ अर्ब ४२ करोड ७७ लाख रुपैयाँ, उत्पादन, बिक्री र सेवाबाट १ खर्ब २१ अर्ब २६ करोड ४१ लाख रुपैयाँ, पैठारीबाट २ खर्ब २८ अर्ब १६ करोड ३६ लाख रुपैयाँ उठाउने लक्ष्य राखेको छ।

यस्तै, अन्तःशुल्क बापत आर्थिक वर्षमा १ खर्ब ९८ अर्ब ६० करोड ६१ लाख रुपैयाँ उठाउने लक्ष्य राखेको सरकारले कर राजस्वमा कुल ११ खर्ब ४ अर्ब ४५ करोड ४३ लाख रुपैयाँ गैर राजस्वमा १ खर्ब ५ अर्ब ३० करोड २३ लाख रुपैयाँ उठाउने लक्ष्य राखेको छ। पछिल्लो समयमा देखिएको विश्वव्यापी आर्थिक सुस्तता, प्राकृतिक प्रकोप, धेरै राजस्व सङ्कलन हुने वस्तुहरूमा लगाइएको आयात प्रतिबन्ध, नगद मार्जिन, कोभिड-१९ को प्रभाव लगायतको कारणले राजस्व सङ्कलन लक्ष्य अनुरूप हुन नसकेको अर्थ मन्त्रालयको भनाईछ।

# पुल बनाउने खाल्डोले खानेपानी समस्या

मुकेश कुमार साह
चन्द्रपुर, २ फागुन। सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरका कारण चन्द्रनिगाहपुर खानेपानी तथा सरसफाई उपभोक्ता समिति मारमा परेको छ। सडक डिभिजनले खन्ने खाल्डोका कारण कयौ पटक खानेपानी उपभोक्ता मारमा परेको चन्द्रनिगाहपुर खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष दिपक धितालले गुनासो गरे। चन्द्रनिगाहपुर गौर सडक खण्डको देउराली चोकमा सडकले पुल बनाउनका लागि खनेको खाल्डोका कारण सो भेगका बासिन्दाले कयौ दिनदेखी स्वस्च्छ खानेपानी खान नपाएको स्थानीयको भनाइ रहेको छ।



सो स्थानमा सडक बिभिगले चन्द्रनिगाहपुर खानेपानी तथा सरसफाई उपभोक्ता समितिसंग समन्वयनै नगरी खाल्डो बनाउदा खानेपानीको पाईप फुटेर उपभोक्ताको धारामा नालाको पानी गएको अध्यक्ष धितालको भनाइ रहेको छ। चन्द्रनिगाहपुर खानेपानी तथा सरसफाई उपभोक्ता समितिसंग प्रयाप्त बजेट नभएको र घरी घरी बिना जानकारी सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरले खानेपानीको पाईप फुटाइदिने गरेका कारण आफुहरु समस्यामा परेको खानेपानीका कर्मचारीहरुको भनाई रहेको छ। सडकको मनलाग्दीका कारण चन्द्रनिगाहपुरका खानेपानी उपभोक्ताहरु समस्यामा पर्दै आएका छन्।

# अग्नीपीडितलाई राहत वितरण



विनय कर्ण
सप्तरी, १ फागुन। रुपनी गाउँपालिकाले अग्नि पीडितहरुलाई राहत सामग्री उपलब्ध गराएको छ। गाउँपालिकाको वडा नम्बर १ स्थित रायपुरमा आईतवार भएको आगलागीबाट पीडित भएकाहरुलाई राहत सामग्री उपलब्ध गराईएको हो।

अग्नीपीडितहरुलाई प्रति परिवार मझौला टेण्ट त्रिपाल १ थान, कम्बल (बल्याङ्केट ) १ थान, चामल २५ किलो, भुजा ३ किलो, दाल ३ किलो, खानेतेल १ लिटर, र नुन १ केजीका दरले राहत सामग्री उपलब्ध गराईएको रुपनी गाउँपालिकाका अध्यक्ष दिनेशकुमार यादवले जानकारी दिए।

आईतबार रुपनी १ बस्ने अनिल नारायण यादवको गोठमा लामखुट्टे धपाउन बालेको घुरबाट आगो सल्किएर रामबिलास यादवको गोठघर, मायाराम यादवको फुसको घर, तेजनारायण यादवको फुसको घर, गंगाराम यादवको जस्ताले छाएको घर र नागेन्द्र यादवको जस्ताले छाएको घरमा आगलागी हुँदा १५ लाख ५२ हजार बराबरको क्षति भएको थियो।

अग्नी पीडितहरुलाई राहत दिन अध्यक्ष यादव संगै उपाध्यक्ष पुष्पाकुमारी श्रेष्ठ लौगी, कार्यपालिका सदस्य मुकेश कर्ण, पुर्व वडाध्यक्ष पिताम्बर यादव र प्रहरी सहित गाउँपालिकाका कर्मचारीहरुको उपस्थितीमा राहत उपलब्ध गराईएको रुपनी गाउँपालिकाले जनाएको छ।

# न्याय सेवाका अधिकृतहरुको वार्षिकोत्सवमा सरसफाई




प्रिया कर्ण
जनकपुरधाम, २ फागुन। न्याय सेवामा कार्यरत अधिकृतहरुको वार्षिक उत्सवको अवसरमा सरसफाई गरिएको छ।

धनुषा जिल्लाका उच्च अदालत र जिल्ला अदालतका अधिकृतहरुको प्रथम वार्षिक उत्सवको अवसरमा अदालत वरिपरि सरसफाई गरिएको छ।

'सरसफाई हामीले नगरे कसले गर्ने' नाराका साथ सरसफाई अभियानलाई सार्थक तुल्याउन तथा समाजलाई सरसफाई प्रति प्रेरित गर्नका साथै समाजलाई सकारात्मक सन्देश दिने उद्देश्यले यो सरसफाई कार्यक्रम गरी अधिकृतहरुले वार्षिकोत्सव मनाएका छन्। सरसफाई अभियन्ता धीरेन्द्र कुमार साहको विशेष पहलमा गरिएको यो कार्यक्रममा प्रदेश सांसद मा।

राम आशिष यादव, उच्च तथा जिल्लाका न्यायाधीश, सह न्यायाधिवक्ता सुदिप डङ्गोल, स्वर्गद्वार निर्माता पवन सिंहानिया, नेपाल प्रहरी, सशस्त्र प्रहरीबल, जनजाति कल्याण आश्रमका कृष्णा दिक्षित सहित सम्पुर्ण टिम, अर्थ क्लिन ग्रीन फाउन्डेसनका दिपु ठाकुर, मानव अधिकारकर्मी रेखा दत्त, साप्ताहिक सरसफाई अभियानका बजरंग यादव सहित सम्पुर्ण टिम, जेसिस का राजेन्द्र प्रसाद साह,गीता शर्मा,अदालतका कर्मचारी,विभिन्न संघ संस्था लगायत अन्य ब्यक्तिहरु सहित विद्यार्थीहरुको उपस्थिती रहेको थियो।

# कटहरियामा दुर्घटना जोखिम बढ्दै

मधेशदृष्टि
रौतहट, २ फागुन।
रौतहटको जिल्लाको पुरानो तथा चर्चित बजार कटहरियामा दिनानुदिन सवारी दुर्घटना जोखिम बढ्दै गएको छ।

क्षेत्र ३ को सदरमुकाम सरह रहेको कटहरिया बजारमा ट्राफिक प्रहरिको उपस्थिति नभएकै कारण बजार तथा आसपासका क्षेत्रमा सवारी दुर्घटनाको जोखिम बढेको हो। ईलाका प्रहरी कार्यालय कटहरियाले पटकपटक सवारी ब्यवस्थापन गर्न खोज्दा पनि विभिन्न सवारी चालकको लापरबाही नियन्त्रण हुनसकेको छैन।

मात्र १४/१५ बर्षका युवाहरु बिना हेल्मेट तिब्रगतिमा मोटरसाइकल चलाउने ,ट्र्याक्टर चालकले ओभरलोड गरेर जथाभावी चलाउने गरेकाले पनि दुर्घटना जोखिम बढेको स्थानीय समाजसेवी जयमंगल साहले बताएका छन। १५ देखि २० बर्ष उमेर समुहका युवाहरुले आफ्नो क्षमता भन्दा बढी गतिमा मोटरसाइकल चलाउंदा थपजोखिम बढेको समाजसेवी साहले जानकारी दिएका छन। त्यतिमात्र नभै बेलुका बेलुका कटहरिया बजारमा रहेको विभिन्न रक्सी पसलमा रक्सी सेवन गरेर तिब्रगतिमा मोटरसाइकल चलाउने गरेकाले कटहरिया बजारमा दैनिक दुर्घटना भैरहेको अर्का समाजसेवी तथा पत्रकार रामशरण यादवले बताए।

सोमबारमात्रै कटहरिया ईलाका प्रहरी कार्यालयको अगाडि एउटा भारतियनम्बरकोमोटरसाइकलको ठक्करले कटहरिया ५ सिकेन्द्र साहको ३ बर्षिय छोरा अनिस कुमार गम्भीर घाइते भएका थिए।घाइते बालकलाई उपचारको लागि तत्कालै एम्बुलेन्स बाट बिरगंज पठाईएको तथा ठक्कर दिएका बिआर ०५ एसि ९४८७ नम्बरको मोटरसाइकल तथा चालक नियन्त्रणमा रहेको ईलाका प्रहरी कार्यालय कटहरियाका प्रमुख सई अशोक महतोले बताएका छन। यो दुर्घटना एउटा उदाहरण मात्र हो। कटहरिया बजार तथा आसपासका क्षेत्रमा चालकको लापरबाहीले दैनिक दर्जन बढी सवारी दुर्घटना भैरहेको पत्रकार यादवले जानकारी दिए।

यसैबीच स्थानीयको अनुरोधमा मंगलबार अपरान्ह ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरको टोलि कटहरिया बजारमा छड्के गर्दा मोटरसाइकल चालकहरु माझ खैलाबैला मचेको थियो अर्थात मोटरसाइकल चालकको भागाभाग भएको थियो।

जिल्ला ट्राफिक प्रमुख ईन्स्पेक्टर बिमला कुमारी कठायतको नेतृत्वमा गएको ट्राफिक टोलिले कटहरिया बजारमा मात्र १ घन्टा भित्र बिना हेल्मेट ,बिना चालक अनुमति पत्र तथा सवारीधनी प्रमाणपत्र नभएको अथवा घरमा छुटेको ३० थान मोटरसाइकल नियन्त्रणमा लिएको थियो। उनिहरुलाई गरिएको कार्वाही बाट ५ हजार रुपैया राजस्व संकलन भएको ईन्स्पेक्टर कठायतले बताएकी छन। पहिलो चोटिको लागि पाँचसयको दरले १० वटा मोटरसाइकल चालक लाई जरिवाना गरिएको तथा अन्यलाई पहिलोपटक सम्झाई बुझाई छोडेको रौतहट ट्राफिक प्रमुख कठायतले जानकारी दिएकी छिन।

दिनानुदिन बढ्दो सवारी दुर्घटना तथा जोखिम न्यूनीकरणका लागि कटहरिया ईलाका प्रहरी संगै स्थायी ट्राफिक पोस्ट राख्न अनुरोध गर्दा जनशक्ति कमिको कारण तत्कालै राख्न नसकिने माग अनुसारको जनशक्ति पुराभएमा राख्ने बताईन।

मधेस प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैयाका प्रमुख एसपी संतोष भट्टराईलाई कटहरिया क्षेत्रको अवस्था बारे जानकारी गराउंदा उहाँ ले केहिदिन भित्रै कटहरियामा स्थायी ट्राफिक पोस्टको ब्यवस्थापन गराउने प्रतिबद्धता जनाए।

# नेपाली चेली हत्या घटनामा राज्यमन्त्री को चासो

संजय मिश्रा
रौतहट, २ फागुन।
नेपाली चेलिको हत्या तिनसाता सम्म लागेन सुराक शिर्षकमा फागुन १ गते सोमबारको मधेशदृष्टि पत्रीकामा समाचार प्रकाशित भएपछि मधेस प्रदेश सरकार तथा नेपाल प्रहरीका प्रदेश प्रमुखको ध्यानाकर्षण भएको छ। मधेस प्रदेश सरकारका गृह तथा संचार राज्यमन्त्री केशव राय चौधरीले घटनाबारे चासो लिएका छन। उनले नेपाल प्रहरीका प्रदेश प्रमुख डिआईजी बसन्त कुंवरलाई घटना बारे सत्यतथ्य पता लगाउन तथा अभियुक्त लाई नियन्त्रणमा लिन तत्काल पहल गर्न निर्देशन दिएका छन।मधेशदृष्टिकर्मी संग कुरागर्दै राज्यमन्त्री चौधरीले नेपाल र भारत बिच चलिआएको रोटिबेटिको सम्बन्धको संरक्षण गर्नु हाम्रो पहिलो दायित्व रहेको बताए।

उनले घटनाबारे प्रहरीलाई आवश्यक निर्देशन दिएको छु आवश्यकता परेमा बिहार सरकारसंग पनि पहल गर्ने बताए। दाईजोको लागि श्रीमानद्वारा श्रीमतीको हत्या हुनु अमानवीय घटना भएको राज्यमन्त्री चौधरीले दुख ब्यक्त गरे।

उता प्रदेश प्रहरी प्रमुख डिआईजी वसन्त कुंवरले रिंकु सोनीको हत्याका आरोपीलाई पक्राउ गर्न भारतीय समकक्षी संग कुरा भैरहेको तथा थप पहलको लागि रौतहटका एसपी वीर बहादुर बुढामगरलाई निर्देशन दिएको जानकारी दिएका छन।

केहो घटना ?
रौतहटको कटहरिया नगरपालिका ५ माईती भएकी २३ बर्षिय रिंकु सोनीको श्रीमान प्रदीप साह सोनारले गत माघ ८ गते हत्या गरी सपरिवार फरार भएको छ। कटहरिया ५ का दिनानाथ साह सोनारकी छोरी रिंकुको श्रीमान भारत बिहार पतांही थानाक्षेत्र अन्तर्गत पदुमकेर गाउँ घरभएका ललन साहका छोरा बर्षिय प्रदीप साहले आफ्नो घरभित्रै हत्यागरि फरार भएको भारतिय प्रहरीले बताउँदै आएको छ। पतांही थानाका प्रभारी प्रमुख सई अनुज कुमारले सोमबार टेलिफोन मार्फत मधेसदृष्टि संग कुरागर्दै प्रदीप साहले आफ्नो घरभित्रै रिंकुको हत्या गरेर गाउँ छेउमा शव जलाएर राता रात सपरिवार घर छोडेर फरार भएको तथा उसको खोजी भइरहेको बताएका छन्।

सई कुमारले अभियुक्तहरुको हामी खोजी गरिरहेका छौं उनिहरु घटना पछि नेपालमा गएको हुनुपर्छ तपाईंहरु उता निगरानी गर्नुस भन्दै पन्छिएका थिए। घटनाको दुईदिन पछि मृतककी आमा सोमारी देवि र उसको दाजु पताहिं थानामा जांदा प्रहरीले कुनै वास्ता गरेको थिएन। स्थानीयको अनुरोधमा पत्रकार संजय मिश्राको पहलमा गत माघ १२ गते रिंकुको आमा सोमारी देविलेको जाहेरिको आधारमा प्रदीप साह लगायत माथी सई अनुज कुमारले पतांही थानामा एफ आई आर अर्थात हत्या संबंधी मुद्दा दर्ता गरेका थिए।

मुद्दा दर्ता गरेपछि अभियुक्त लाई पक्राउ गर्न सबै प्रहरी ईकायिहरुमा सूचना गरिसकेका छौं उनले भनेका थिए तर हत्या आरोपी प्रदीप लगायत उसको परिवारको हालसम्म अतोपतो छैन।भारतिय प्रहरीले आरोपी पक्राउ पछिमात्र हत्याको कारण खुल्ने बताएको छ। उता ज्वाइँ प्रदीप साहले छोरी मार्फत आफू संग मागेको २ लाख रुपैया दिन नसकेकै कारण उनिहरु मिलेर छोरिको हत्या गरेर बेपत्ता भएको रिंकुकी आमा सोमारी देविले बताएकी छन्।

गत माघ ८ गते साँझ ज्वाइँ प्रदीप साहले फोन गरेर रिंकु सोनिले घरमै पासो लगाएर आत्महत्या गरिन तपाईहरु आउनुस भनेका थिए , लगत्तै तपाईंहरु आउन ढिलो गर्नुभयो हामिले उसको शव जलाईसकें भनेर ससुराली कटहरियामा फोन गरेका थिए।

सोपछि गाडी भाडामा लिएर त्यहिदिन राती ११ बजे रिंकुको दाजुभाइ ठुलो बुवा,तथा कटहरिया गाउँका केहि सहयोगी सहित भारत पदुमकेर स्थित ज्वाईको घरमा पुग्दा ज्वाइँ प्रदीप साह सोनारको परिवारको कोई मानिस घरमा नरहेको तथा घरको मुलढोकामा ताला लागेको थियो। ज्वाइँ प्रदीप ससुरा ललन साहको समेत मोबाइलको स्विच अफ रहेको रिंकुका भाई संजिवले बताए।

करिब ३० बर्ष अघिदेखि रौतहट राजपुर चौकमा सुनचाँदी ब्यवसाय गर्दै आएको ललन साहको छोरा प्रदीप साह संग तिनबर्ष अघि हिन्दु परम्परा अनुसार रिंकु सोनीको बिहे भएको थियो। गत बर्ष पहिलो सन्तानको रूपमा अस्पतालमा छोरिको जन्म भए लगत्तै मृत्यु भएको थियो। सोमारी देवी बजारमा ससाना ब्यापार गरेर परिवारको गुजारा चलाई रहेकी छन्। एकमहिना अघि ज्वाइँ प्रदीपले छोरी रिंकुलाई तिम्रो आमा संग दुईलाख रुपैया माग कुनै ब्यापार गर्छु भनेर भनेका थिए।आफुहरु आफै आर्थिक संकटमा कहाँ बाट दिने,त्यही पैसा नदिएको कारण ज्वाइँ सपरिवार मिलेर छोरी रिंकुको हत्या गरि शव जलाएर बेपत्त भएको दुखेसो पोखिन।

# हातीपाईलेको औषधी खुवाईने

मधेशदृष्टि
रौतहट,२ फागुन। हातीपाईले रोग बिरुद्धको औषधी आउदो ११ गते बाट खुवाईने भएको छ। चन्द्रपुर नगरपालिका स्वास्थ्यशाखाको आयोजनामा मंगलवार गरिएको पालिका स्तरीय योजना तर्जुमा तथा बहुनिकाय गोष्ठिमा सोको जानकारी गराइएको हो। हातीपाईले बिरुद्धको औषधी खाऔ यो बर्ष लाई अब अन्तिम बनाऔ भन्ने मुल नाराका साथ हातीपाईले रोगको आम औषधी सेबन अभियान हुन लागेको हो। चन्द्रपुर नगरपालिका स्वास्थ्य शाखाका संयोजक राजेश ठाकुरले सबै नागरिकले हातीपाईले रोग बिरुद्धको औषधी खान जरुरी रहेको बताए। गोष्ठिमा उपसचिब कृष्ण सिग्देल सहितचन्द्रपुर नगरपालिका वडानम्बर ५ का अध्यक्षनीलहरी कोईरालाको सहभागिता रहेको थियो।

**बिमा अभिलेख हराएको सुचना**

बिमित नाम- महेश साह
बिमा कम्पनी- नेपाल लाईफ इन्सोरेन्स
पो. नं. - १७००८४९२५
स्थायी ठेगाना - जनकपुरधाम उ.म.न.पा.-१७
साविकगा.वि.स.कनकपट्टी-०४

सम्पादकीय

# बलिदान पैसामा विनिमय हुनुहुँदैन

फागुन एक गते माओवादीले 'जनयुद्ध' थालनी गरेको दिनलाई संभने गर्दछन् विशेष गरेर माओवादी राजनीतमा लागेकाहरुले । निश्चय पनि माओवादीले मुलुकको राज्यसत्ता परिवर्तन गर्ने भन्दै २०५२ साल फागुन एक गते देखी सशस्त्र विद्रोह सुरु गरेको  थियो, जसलाई जनयुद्ध नाम दिइएको थियो । ५२ सालबाट अहिले ७९ सालको गणना गर्दा २७ वर्ष हुन आउँछ। त्यसैले कतिपय कुरा स्वभाविक हुन आउँछन् ।  उहिले माओवादी विरुद्ध तत्कालिन सत्ताले कारवाही चलाएको थियो । सरकार र माओवादी दुबै तर्फ ठूलो धनजनको क्षती भएको थियो । दशवर्षसम्म मुलक सशस्त्र युद्धमा होमिएको थियो । त्यसबेला के कती मानवीय र भौतिक क्षती भएको थियो त्यसको आँकलनको अब औचित्य छैन । त्यो पक्ष गौण जस्तै बनेको छ । माओवादी अहिले सत्तामा छ र त्यसैले सशस्त्र द्धन्दबाट लाभैलाभ मात्र प्राप्त भएको चर्चा भैरहेको छ ।

माओवादीले जनवाद ल्याउँन सुरु गरेको क्रान्तिले भनेजस्तो राजनीतिक ल्यायो कि ल्याएन ? त्यसबेलाकै नीति, सिद्धान्तमै पार्टी अडिरहेको छ वा छैन ? पहिला भनेजस्तै सर्वहारावाद आयो वा आएको छैन ? यि यावत प्रश्नहरुबारे माओवादी पार्टीमा अहोरात्र लागेकाहरुले समीक्षा गर्नुपर्ने हो वा होइन ? माओवादी 'जनयुद्ध' दिवशमा यस्ता प्रश्नहरुमाथि विचार विमर्श गर्नुपर्ने हो कि होइन ? अनुत्तरित छन् प्रश्नहरु । जे होस, सत्ता राजनीतिले धेरै कुरामा परिवर्तन ल्याएको छ । माओवादी राजनीतिको मूलप्रवाहमा आएको छ । अहिले आएर जनयुद्ध दिवशले औपचारिकता पाएको छ । पुष्पकमल दाहाल नेतृत्वको संघीय सरकारले फागुन एकमा सावजनिक विदा दियो । संघीय सरकारको निर्णय नआउँदै मधेश प्रदेश सरकारले प्रदेशभर सार्वजनिक बिदा घोषणा गरिसकेको थियो ।

जनयुद्ध दिवश भव्य रुपले मनाउन उपराष्ट्रपति नन्दबहादुर पुनले मधेश प्रदेश जनकपुरधामको कार्यक्रमको आतिथ्य गरे । हिजो बन्दुक भिरेर बलिदान दिन हिडेका पुन मधेश प्रदेश सरकार मातहतको शहीद प्रतिष्ठानद्वारा आयोजित मुख्य अतिथिको आसनमा थिए । उनले संविधान संशोधन गर्नुपर्ने विषय उठाए । २०६३ सालमा सम्पन्न शान्ति संझौता अर्न्तगतका कतिपय पक्ष अहिलेसम्म समाधान हुन नसकेकोका चिन्ता व्यक्त गरे । हुनसक्छ उपराष्ट्रपतिको संवैधानिक दायराको ख्याल गर्दे धेरै कुरा बोलेनन् संविधानको कहाँ, कहाँ, के के परिवर्तनशील छन्,त्यसबारे स्पष्ट गर्ने काम भएन ।

पुनले माओवादी जनयुद्धमा लागेर बलिदान दिनेहरुका ५ सय ४० परिवारहरुलाई एकएक लाख रुपैयाको चेक दिए । बलिदान गर्नेहरुलाई राज्यले शहीदको दर्जा दिएको छ । राजनीतिक परिवर्तनमा लागि पटकपटक भएका आन्दोलनहरुमा ठूलो संख्यामा बलिदानी भएको छ नेपालमा । बलिदानी राजनीतिक उदेश्यले भएको थियो । राजनीतिक आस्था र विश्वासको जगमा भएको थियो । ति तमाम सपुतहरुको सम्मान गर्नुपर्दछ, त्यो राज्यको कर्तव्य हो । शहीदका परिवारलाई वर्षेनी  पैसा दिएर शहीदको सम्मान हुन्छ ? प्रश्नमात्र होइन उत्तर खोज्ने समय आएको छ ।अहिले शहीदको सम्मानको नाममा भैरहेका कतिपय कामकारवाहीमा परिमार्जन आवश्यक छ देखिदैंछ ।

माओवादी शहिद, मधेश आन्दोलनका शहीद, लोकतान्त्रिक आन्दोलनका शहीदहरु छन् । उनीहरुका परिवारले राज्यबाट बेलाबेलामा खास गरेर पैसाको सहयोग पाएको देखिन्छ । उनिहरुले जुनजुन राजनीतिक परिवर्तनका लागि बलिदान दिएका थिए, अनुयायीहरुले त्यस्तै राजनीतिक उदेश्य प्राप्तीका प्रयास जारी राख्दा, आन्दोलनको उदेश्य जस्तै आचरण, अभ्यास र व्यवहार गर्दा सायद मरेर जानेहरुको सम्मान हुन्छ ।

मधेश प्रदेशबाट मात्र ५ करोड ४० लाख जनयुद्धसँग सम्बन्धित शहीदका परिवारलाई वितरण गरिएको छ। मलुकभरीबाट यसको धेरै गुणा वितरण भएको छ । यसै गरी पोहोर पनि पैसा बाँडिएको थियो । आउँदो साल पनि बाँडिने छ ।

अहिलेको मूल्यमा एकजना शहीद परिवारलाई वर्षको एक लाख ठूलो पैसा नहुनसक्छ । तर, त्यो पैसालाई शहीद परिवारको अग्राधिकार हुने गरी एकिकृत रुपमा लगानी गर्न सकिन्यो । सानै किन नहोस उद्योग खोल्न सकिन्थो । वर्षेनी लगानी थप्दैजानसक्ने गरी वृहत योजनामा काम हुनसक्दथ्यो । शिक्षा, स्वास्थका क्षेत्रमा लगानी गर्न सकिन्थ्यो ।

मधेश प्रदेशकै कुरा गर्दा शहीद प्रतिष्ठानले रकम वितरणको मोडल परिवर्तन गर्न जरुरी  छ । शहीदको नाममा प्राप्त हुने पैसालाई उत्पादनशील क्षेत्रमा लगानी गर्नेगरी योजना बनाउन सकिन्छ । समाजमा रोजगारी चाहिएको छ, दक्षता बढाउने शिक्षा चाहिएको छ, स्तरीय तर सुलभ स्वास्थ अत्यावश्यक भएको छ । शहीद परिवारलाई निशुल्क गर्ने अन्य सर्वसाधारणसँग न्यूनतम शुल्क लिएर शिक्षा, स्वास्थ जस्ता अत्यावश्यक सेवा क्षेत्रमा लगानी गर्नसकिन्छ ।

शहीद परिवारका सदस्यहरुको सम्मान गरौं । उनीहरुको शिक्षादीक्षा, सीप, रोजगारीको बारेमा सोचौं । उनीहरुको आस्था, विश्वास र समर्पणभावलाई पैसामा नसाटौं । बलिदान पैसामा विनिमय हुनुहुँदैन ।

# राजनीति सुकिलो हुनुपर्नेमा फोहोरी बन्यो

*नेताबाट जनताको विश्वास हराउँदै गयो । राजनीति नदीको पानीजस्तै सलल्ल बग्नुपर्नेमा जम्दै गयो । जमेको पानी फोहर बन्यो । सलल्ल बगेको राजनीति चोखो हुन्थ्यो । चिसो कुरा चिसो नै हुन्छ । सक्कली भनेको सक्कली नै हो । यसमा केही जोडिरहनु पर्दैन । नक्कलीलाई जति सिङ्गारे पनि कहिल्यै सक्कली हुँदैन ।*



– भैरव रिसाल

नेपाली राजनीतिले थुप्रै उतारचढाव पार गर्दै आएको छ । विभिन्न कालखण्डमा ठूला परिवर्तनहरू पनि भए तर त्यसको उद्देश्यअनुसार परिणाम भने आउन सकेन । राजनीति सुकिलो हुनुपर्नेमा फोहरी बन्यो । नेताहरू निलोभी हुनुपर्नेमा लोभी भए । लोभी पनि औधी लोभी । नेता राजनीतिक कार्यकर्ता र जनताका लागि हुनुपर्नेमा आफू र आफन्तका लागि सीमित भए । यसले गर्दा नेताबाट जनताको विश्वास हराउँदै गयो । राजनीति नदीको पानीजस्तै सलल्ल बग्नुपर्नेमा जम्दै गयो । जमेको पानी फोहर बन्यो । सलल्ल बगेको राजनीति चोखो हुन्थ्यो । चिसो कुरा चिसो नै हुन्छ । सक्कली भनेको सक्कली नै हो । यसमा केही जोडिरहनु पर्दैन । नक्कलीलाई जति सिङ्गारे पनि कहिल्यै सक्कली हुँदैन । यो ध्रुवसत्य हो । आज नेपालको राजनीति यस्तै अवस्थाबाट गुज्रँदै आएको छ ।

जनयुद्ध सुरु हुने ताका आम सर्वसाधारण, धेरै नेपालीलाई थाहा भइसकेको थियो कि राजा वा राजसंस्था चाहे त्यो संवैधानिक होस वा प्रत्यक्ष होस त्यसको आवश्यकता वा औचित्य छैन भन्ने भइसकेको थियो । तत्कालीन राजा प्रत्यक्ष शासन गर्ने दाउमा थिए । जबकी राजाको प्रत्यक्ष शासनको युग समाप्त भइसकेको थियो । त्यतिबेला नै मानिस बाँधिएर बस्न चाहेका थिएनन । जुन २० औं शताब्दीको सन्देश थियो । स्वतन्त्रताको स्वादिलो हावा नेपालमा विसं १९८७ देखि लाग्न थालिसकेको थियो । नेपालमा खड्गमान बस्न्यातजस्ता केही युवकले उतिबेला नै राणा शासन उखेलेर राजाको शासन ल्याउन चाहेका थिए तर परिस्थिति परिपक्व हुन बाँकी नै थियो । राणाहरूको पारिवारिक एकतन्त्रीय शासनले युवा विद्रोहीलाई गिरफ्तार गरी निर्मम सजाय दिनेबाहेक राणाहरूले अन्य विकल्प देखेनन ।

त्यो आन्दोलन दमन गरियो । परन्तु चेतनाको टुसो नेपाल पसिसकेको थियो । पछि त्यो टुसो मोरङमा टुसायो । कृष्णप्रसाद कोइराला पूर्वी नेपालको दुम्जामा जन्मिएका रहेछन् । बसाइँ सर्दासर्दै मोरङ पुगेछन् । विराटनगरमा बसोबास गरेछन् । औलोको खानी मोरङ विराटगर, तर औलोसँग जुधी त्यहीँ बसोबास गरे । भारतमा पनि इस्ट इन्डिया कम्पनी सरकारले व्यापार गर्दा गर्दै अङ्ग्रेजलाई हटाई भारतीयहरूद्वारा सरकार सञ्चालन गर्ने चेतना आएछ । भारतीयहरूद्वारा नै शासन गर्ने मनसायले अखिल भारतीय राष्ट्रिय कांग्रेस गठन गरियो । यता राणाहरूको नीति पैसा मस्त कमाउन दिने र सरकारी ठेक्का दिने थियो । काम सकिएपछि यसका कमजोरी पत्ता लगाई जरिवाना गर्ने नीति थियो । सर्वस्वहरण गर्ने उनीहरूको नीति थियो । जसले कमाएको छ सबै सर्वस्व हुन्थ्यो । त्यो सम्पत्ति श्री ३ महाराजको हुने गथ्यी । राणा शासनको यस्तो चङ्गुलमा कृष्णप्रसाद कोइराला पनि परेछन । उनले भन्सार अड्डाको ठेक्का लिएछन् । पछि त्यसैका आधारमा उनको सर्वस्वहरण भयो । उनले शिक्षाको महत्त्व राम्ररी बुझेका थिए । विराटनगरमा विद्यालय खालेर आफ्ना छोराहरू मातृका र विश्वेश्वर (वीपी) लगायतलाई पढ्न लगाएका थिए । कृष्णप्रसादको सर्वस्व भएपछि नेपाल बस्न नसकी भारतमा प्रवासी बन्न पुगे ।

आफ्ना छोराछोरीलाई उतै पढ्ने व्यवस्था मिलाए । त्यसैबेला भारतमा स्वतन्त्रता आन्दोलन चर्किएको थियो । मातृका, विश्वेश्वर पनि भारतीय स्वतन्त्रता आन्दोलनमा भाग लिन पुगे । आन्दोलनमा उनीहरू पक्राउ परे । मनमोहन अधिकारी पनि भारतीय स्वतन्त्रता सङ्ग्राममा संलग्न भए । वीपीलगायत केही व्यक्तिलाई अड्डासार गरी काठमाडौं ल्याई थुनियो । यो घटनाले पहाडमा प्रजातन्त्रको चेतना ल्यायो । यसै क्रममा कृष्णप्रसाद थुनामा परे, त्यहीँ उनको मृत्यु भयो । छोराहरूले उनको काजकिरिया पनि गर्न पाएनन् । यसैबेला पुष्पलालले अन्तर्राष्ट्रिय कम्युनिष्ट पार्टीको घोषणापत्र नेपालीमा अनुवाद गरी छपाए । यसले नेपालमा ठूलो प्रभाव पार्‍यो र नेपाल कम्युनिष्ट पार्टीको जन्म भयो । राणा विरोधी आन्दोलन बिस्तारै बढ्न थालेको थियो । सशस्त्र क्रान्ति हुने नै भयो । राजा त्रिभुवन माइला नाति ज्ञानेन्द्रलाई राजगद्दी छाडी दिल्ली गए । उनी दिल्लीमा नेहरुको घरमा बसे । भारत सरकारले भेट्न अनुमति दिएका व्यक्तिले मात्रै राजासँग भेट्न पाउँथे । राजा त्रिभुवन एक किसिमले नजरबन्दमा थिए । यता नेपालमा नेपाली कांग्रेसको नेतृत्वमा सशस्त्र आन्दोलन भयो । थीरबम मल्ल शहीद बने । आन्दोलन केही समय शिथिल बन्नपुग्यो । पछि फेरि हतियार ल्याएर आन्दोलनलाई सशक्त पारियो । मोहन शम्शेरले ज्ञानेन्द्रको नाममा टकमरी (नाममा पैसा छाप्ने) गराएका थिए । पछि त्यो हट्यो । त्रिभुवन नेपाल आउने भएपछि मोहन शम्शेरले ठूलै रकम त्रिभुवनलाई दिएका थिए भनिन्छ । राणा शासन र प्रजातन्त्र मिलाउने काममा विजय शम्शेरले ठूलो भूमिका खेलेका थिए । प्रजातन्त्र आएपछि नेपाली जनताले आफ्ना प्रतिनिधिले छानेको विधायिका सभाका सदस्यले संविधान बनाउँछन भनिएको थियो तर त्यसमा राजा इमान्दार रहेनछन । राजाले चुनाव गराउन खोजेनन् । प्रधानमन्त्री टङ्कप्रसाद आचार्यमार्फत छिट्टै विधानसभा वा संसद्को चुनाव हुन्छ भन्न लगाए । राजाले २०१५ फागुन १ गते चुनाव हुने घोषणा गरे तर केको चुनाव हुने भन्ने प्रष्ट भनेका थिएनन । भित्रभित्रै राजाले बेलायतका संविधानविद् सर आइभर जेनिङ्लाई संविधान लेख्न लगाई फागुन १ गते नै संविधानको घोषणा गरे ।

एकैचोटि २०१५ फागुन ७ गतेदेखि संसद्को चुनाव सुरु भयो । मतदान विभिन्न चरणमा भयो । त्यतिबेला कांग्रेसको प्रभाव भएकाले जनताले पनि कांग्रेसलाई नै भोट दिए । झण्डै दुई तिहाइ सिट जितिन्छ भन्ने स्वयं वीपीलाई पनि विश्वास थिएन भने राजालाई कुनै पार्टीले बहुमत ल्याउँछ भन्ने लागेको थिएन । राजाका नजिककाहरूले कसैले पनि बहुमत ल्याउन सक्दैन भनेर विश्वास दिलाएका थिए । वीपीले पनि कांग्रेसको खास शक्ति कति हो भनी अनुमान गर्न सकेका थिएनन । राजनीति तातो पिँडालु बन्यो मुलुकमा प्रजातन्त्र आए पनि जनतामा त्यसको अनुभूति हुन सकेन । जनता र नेताबीचको खाडल बढ्दै गयो । चुनाव लड्ने नेताहरूमा पनि प्रजातन्त्रप्रति विश्वास घट्दै जान थाल्यो । यसले गर्दा नेपालको राजनीति एक पछि अकी विकृत हुँदै जान थाल्यो । अहिले त धेरैजसो नेताहरू नै राजनीतिबाट त्रसित बन्न थालेका छन् । अहिले पार्टी नेतालाई हेर्ने भयो वा नेताले पार्टीलाई आफ्नो अनुकूल बनाउन थाले । सत्तामा जोसुकै होस उनीहरूका लागि राजनीति तातो पिँडालुजस्तो भएको छ । न खाउँ भने भोक लागेको छ, खाउँ भने तातो पिँडालुले पोल्छ । राजनीतिमा इमान्दारी भएन भने त्यसको प्रतिफल विकृत आउँछ । यसैगरी राजनीति विकृत बन्दै जाने हो भने देशै बिग्रने सम्भावना छ ।

> “स्वतन्त्रताको स्वादिलो हावा नेपालमा विसं १९८७ देखि लाग्न थालिसकेको थियो । नेपालमा खड्गमान बस्न्यातजस्ता केही युवकले उतिबेला नै राणा शासन उखेलेर राजाको शासन ल्याउन चाहेका थिए तर परिस्थिति परिपक्व हुन बाँकी नै थियो । राणाहरूको पारिवारिक एकतन्त्रीय शासनले युवा विद्रोहीलाई गिरफ्तार गरी निर्मम सजाय दिनेबाहेक राणाहरूले अन्य विकल्प देखेनन ।

अहिले राजनीतिक मैदानमा मुख्यगरी प्रचण्ड, केपी ओली र देउवा मुख्य खेलाडी छन । अझै मौका छ, यी तीन नेताले बुद्धि पुर्‍याई राजनीतिलाई सही दिशामा डोहोर्‍याउन सक्नुपर्छ । अरु पार्टीलाई जनताले पत्याएका छैनन । देश सप्रेमा वा बिग्रेमा यसको दायित्व नेपाली जनतामा होइन, यिनै नेताहरूमा जान्छ । नेपाली जनता धेरै ज्ञानी र धैर्यशील छन । मिडियाको भूमिका महत्त्वपूर्ण राजनीतिलाई गलत बाटोमा जान नदिन मिडियाको पनि उत्तिकै भूमिका हुनुपर्छ तर यतिबेला नेपालको मिडिया अलमलमा परेकोजस्तो देखिन्छ । कतिपय मिडियाले त प्रतिगमनलाई पनि पछ्याएको देखिन्छ जुन सरासर गलत हो ।

प्रतिगमन कहिल्यै अग्रगमन हुन सक्दैन । वर्षौंवर्षदेखि स्वतन्त्र, स्वाधीन, स्वाभिमानी रहँदै आएको नेपाललाई आजको पुस्ताले उज्यालो बनाउनुपर्छ । यो पावन काममा नेपालको मिडियाले निःस्वार्थरूपमा निश्चित फलाकाङ्क्षी नभई सघाउनुपर्छ । संस्थाहरू उत्तरदायी हुनु भनेको यस्तो अप्ठ्यारोमा हो । सजिलो परिस्थितिमा त जो कोही पनि नजिक जान्छन, असजिलोमा सहयोग गर्नु नै सिद्धान्तप्रति इमान्दारी हो, समर्पण हो । अन्त्यमा राजनीतिक प्रणालीलाई जनतासँग जोड्ने काममा राससले अग्रणी भूमिका खेल्न सक्नुपर्छ । राससलाई जनताले हाम्रो हुनुपर्छ भनेका छन ।

सरकारबाट पनि विपक्षी नहुने र राजनीतिक पार्टीहरू पनि विपक्षी नहुने आम जनता कसरी आफ्नो हुन्छन ? भन्ने कुरामा रासस सधैँ चनाखो हुनुपर्छ । राससले आफ्नो योगदान गर्ने भनेको सुविधा र सजिलो बेलामा नभई यस्तै असजिलो अवस्थामा आफ्नो परिचय दिनुपर्छ । राजनीतिक प्रणाली र नेताहरूप्रति अविश्वास बढ्न नदिन र जनतामा सकारात्मक सञ्चार गराउन राससले अभिमत निर्माण गर्न सक्नुपर्छ । रिसाल वरिष्ठ पत्रकार हुन्, रासस )

# प्रेम र प्रणय दिवस



– कृष्ण तिवारी

प्रेम र अनुराग सबैभन्दा कोमल र मधुरतम भाव हुन। जसरी शरीरलाई भोजनको आवश्यकता हुन्छ त्यसैगरी हृदयलाई प्रेमको प्यास हुन्छ। जो प्रेमको अभावमा जिउन बाध्य छन् उनीहरूको जीवन जस्तो सुकै देखिएतापनि आत्म भोकै हुन्छ। हो प्रेममा स्वार्थ हुन्छ, शय हुन्छ त्यसभन्दा ठूलो कुरा विश्वास हुन्छ। यही कारण यो संसार चलेको छ। प्रेमको कुनै आकार हुँदैन, प्रकार हुँदैन, तौल हुँदैन मात्र यसलाई हेर्ने  र बुझ्ने तरिका फरक फरक हुन्छ। प्रेम सबैमा हुन्छ तर यसलाई उजागरण गर्ने  शैली भिन्न भिन्न हुन्छ।

प्रेम सदैव सकरात्मक हुन्छ। यसले सबैलाई खुसी दिन्छ आनन्द दिन्छ  शक्ति तथा उत्साह दिन्छ। जब पहिलो पल्ट कसैले प्रेमरूपी आँखाले हेर्छ त्यही बेला आफ्नो जीवन मूल्यवान लाग्छ। आफू जन्मेको अर्थ भएजस्तो लाग्छ । जीवन देखि गर्व लागेर आउँछ। मनभित्रका नैराश्यता हट्दै जान्छन। आफ्नो अस्तित्व तथा जन्मले कमसेकम एक हृदयलाई आनन्दित तुल्याएको भावले एक गहन आत्मसम्मान र तृप्ति दिन्छ। प्रेमबिनाको जीवन सम्पत्ति भए तापनि दरिद्र हुन्छ। धमिरो लागेको रुखजस्तै हुन्छ। प्रेमको अभावमा कुनै उत्तप्रेरणा पैदा हुँदैन। मनमा अमन चैन हुँदैन ।

मात्र निराश एक दुःखद तथा असिर्जनशील जीवन जिउन बाध्य भइन्छ। प्रेमले नै मानिसलाई निष्ठावान, कर्तव्यवान, सफल तथा असल बनाउँछ। आज जसरी हामी यस संसारमा विभिन्न किसिमका आपराधिक महत्त्वाकांक्षी र घमण्डी मानिसहरू देखिरहेका छौं त्यसको कारण सही किसिमको प्रेम नपाएर वा अनुकूल जीवन नपाएर भन्दा व्र्यथ नहोला। किनकि जो व्यक्ति कसैको गहन प्रेममा छ उसलाई हत्या हिंसा र अन्यायको भावनै आउँदैन। प्रेममा अहंकार शान्त पार्न सक्ने जैविक तत्व लुकेको हुन्छ। प्रेमबिनाको जीवन कुनै न कुनै अर्थमा असन्तुलित हुन्छ। आँखा भए तापनि अन्धो जस्तै हुन्छ। अन्धाले पेट भरिए तापनि आत्मा भोकै हुन्छ। प्रेमले पहिलो चोटि जीवनमा सन्तुलन, सन्तोष, परितृप्ति र सकारात्मक भावना ल्याउँछ। जीवनको आफैमा कुनै अर्थ छैन तर प्रेमले जीवनलाई बाँच्न लायक बनाउँछ। उजाडिएको जीवनलाई भरिलो बनाइदिन्छ। अशान्त मनलाई सान्त्वना दिन्छ। रोएको हृदयलाई हँसाइदिन्छ। अरु सबै गुमाए फेरि पाउने आशा हुन्छ तर प्रेम गुमाए संसार रित्तिएको भाव हुन्छ। प्रेम पाउन गाह्रो कुरा हो भने गुमाउन पनि गाह्रो। तर जति गाह्रो पाउन हुन्छ त्यसको कयौं गुणा गाह्रो हुन्छ गुमाउँदा। त्यसैले प्रेम प्राप्तिको लागि भरसक प्रयास गर्नुपर्छ। त्याग तथा समर्पण गर्नुपर्छ। अर्काको भावना तथा विचारको कदर गर्नुपर्छ। केही सम्झौता गर्नुपरे तापनि पछि हट्नुहुँदैन। प्रेमको कुनै ठोस परिभाषा नभए तापनि कसैको सामीप्यता चाहनु तथा बारम्बार उसलाई सम्झनु र आफ्ना भावना उसैसँग साट्न चाहनु नै प्रेम हो। तर प्रेमको बारेमा सबैको एउटै सोच नहुन सक्छ। प्रेममा सोचविचार तथा भावना मिल्दैन। दुई ध्रुवमा बाँडिन जान्छ भने टुट तथा फुटको अवस्थामा पुग्छ प्रेम ।

तब आफ्नो जिन्दगी भार लाग्छ, नैराश्यता छाउँछ, बाँच्नुको कुनै अर्थ नै छैन कि जस्तो लाग्छ। भीडभाडमा पनि आफूलाई एक्लिएको भान हुन्छ। सबै कुरा पाए तापनि संसार रित्तो लाग्छ। आफ्नो जन्मलाई धिक्कारन मन लाग्छ। प्रकृतिले दिएको संरचनालाई अस्वीकार गरेर अर्कै दुनियाँमा जान पाए जस्तो लाग्छ। भौतिक सुख सम्पन्नता भए तापनि आत्ममा शान्ति हुँदैन। प्रेमकै आकर्षणले यो संसार चलिरहेको छ। ग्रह नक्षत्र र तारा पनि एक आपसमा बाँधिएका छन् लयबद्ध छन। नदीनाला गतिशील छन्, क्षितिज र जमिन नङ र मासु जस्तै छन् नत्र उनीहरू पनि एकआपसमा ठोक्किन्थे होलान् र यो सुन्दर संसार क्षणभरमै नष्ट हुन्थ्यो होला। त्यसैले प्रेम जीवनको मौलिक भोक हो। प्रेमले नै जीवनको विजारोपण हुन्छ र प्रेमकै कारण आमाले बच्चालाई नौ महिना गर्भमा बोकेर हिन्ने असुविधा समेत हाँसी(हाँसी स्वीकार गर्छिन। आफूले मृत्यु बराबरको व्यथा सहेर पनि यस धर्तिमा सकुशल पैदा गर्छिन। फेरि बारम्बार आफ्नै पेट मारेरै किन नहोस्, छोरा छोरीहरू हुर्काउँछिन। तर आज जसरी जवान युवायुवतीको बीचको सम्बन्धलाई मात्र प्रेम मानिएको छ यसले प्रेमको क्षेत्र साँघुरो बनाएको छ। प्रेम मात्र दुई युवायुवतीबीचको क्षणिक आकर्षण होइन। मानिसलाई जीवनतः तुल्याउने एक तत्व पनि हो। प्रेममा कुनै रूपरङ्ग, आकार(प्रकार, सानो ठूलो, राम्रो नराम्रो केही हुँदैन ।

> “प्रेम जीवनको मौलिक भोक हो । प्रेमले नै जीवनको विजारोपण हुन्छ र प्रेमकै कारण आमाले बच्चालाई नौ महिना गर्भमा बोकेर हिन्ने असुविधा समेत हाँसी(हाँसी स्वीकार गर्छिन। आफूले मृत्यु बराबरको व्यथा सहेर पनि यस धर्तिमा सकुशल पैदा गर्छिन। फेरि बारम्बार आफ्नै पेट मारेरै किन नहोस्, छोरा छोरीहरू हुर्काउँछिन् ।

मात्र हुन्छ त आवश्यकता, विश्वास, स्वार्थ, समर्पण, आनन्द। त्यसैले त एउटा निदोर्ष शिशुलाई आफ्नो आमाको स्तन कालो या गोरो छ केहि पत्ता हुँदैन तर पनि ऊ सन्तुष्ट हुन्छ। साँच्चिकै भन्ने हो भने प्रेम गर्नलाई कुनै विशेष दिनको आवश्यकता पर्दैन र प्रेम यो दिन यो ठाउँमा र यो व्यक्तिसँग गर्छु भनेर सायद हुँदैन। यो त आत्माको विजारोपण हो। वास्तविकतामा प्रेम कसैको रूप र शरीरसँग मात्र हुँदैन। उसको भावना तथा व्यवहारसँग हुन्छ त्यसैले सबैलाई सबै मान्छे मन पर्दैन र सबैसँग प्रेम पनि हुँदैन। मानिस फरक(फरक स्वभाव र व्यक्तित्वका हुन्छन। आफ्नो व्यक्तित्व स्वभाव तथा जीवनशैली अनुरूपकै प्रेमको चाहना हुन्छ सबैमा ।

तर आजको यस प्रेमी संसारमा प्रेमसँग सँगै यौन तथा सेक्सलाई जोडेर हेर्ने  गरिन्छ। यसले दुर्गन्धित बनाएको छ प्रेमलाई। प्रेमको एउटा सानो हिस्सा त पक्कै हो सेक्स तर जसले सेक्सकै लागि प्रेम गर्छन् उनीहरूले क्षणिक आनन्द त प्राप्त गर्न सक्लान तर जीवन्त तुल्याउन सक्दैनन प्रेमलाई। प्रेम दुई आत्माको मिलन हो जुन सहजै नहुन सक्छ। तर सेक्स मात्र दुई शरीरको मिलन जहाँ जति बेला चाहियो त्यही बेला हुन सक्छ। त्यसैले प्रेम र सेक्स भिन्न पाटा हुन। सेक्स सबैले गर्न सक्छन् तर प्रेम गर्नलाई आत्मा चाहिन्छ ।

यसर्थ, प्रेम दिवसलाई प्रेम दिवसकै रूपमा मनाउँ, संस्कारलाई भड्किलो नबनाउँ। समाजलाई विकृतिको बाटोमा नमोडौं । प्रणय दिवस यानी कि प्रेम दिवसको शुभकामना ।

# नक्कली कागजात पेस गरेर भुक्तानी सेवाप्रदायक संस्थाबाट रकमान्तर

काठमाडौँ, २ फागुन

भुक्तानी सेवा प्रदायक संस्था खल्ती डिजिटल वालेटमा एक अजित थारू नामका व्यक्तिको खाता भेटियो । त्यो खाता खोल्दा जुन नम्बर प्रयोग गरिएको थियो त्यही नम्बर प्रयोग गरेर सुनिताकुमारी शाहका नाममा इसेवामा पनि खाता खुलेको भेटियो ।




खल्ती डिजिटल वालेटमा सनम श्रेष्ठका नाममा पेस भएको नागरिकता, त्यहाँ प्रयोग भएको फोटो र वास्तविक सनम श्रेष्ठ फरकफरक पाइएको प्रहरी परिसर काठमाडौँले जनाएको छ ।

यो त प्रतिनिधि घटना भयो । कागजात एउटाको, फोटो अर्काको र नम्बर झन् अर्कैको प्रयोग गरेर डिजिटल भुक्तानी हुने क्रम बढिरहेकाले वास्तविक व्यक्तिमा रकम नगई अन्यत्रै रकमान्तर हुने क्रम बढिरहेको भन्दै प्रहरीले यसतर्फ सचेत हुन नागरिक तथा भुक्तानी प्रदायक संस्थाहरुलाई अनुरोध गरेको छ ।

प्रविधिको बढ्दो प्रयोगसँगै त्यसले विकृति पनि भित्र्याइरहेको यो दरिलो दृष्टान्त हो । प्रविधिको सही सदुपयोगले ठूलाठूला समस्या तथा कामहरु घरमै बसेर समाधान भएका कैयौँ उदाहरणहरु छन्, तर प्रविधिको दुरुपयोग हुँदा मानिसहरुको जीवन नै बर्बाद पनि बनाइरहेको छ । अझै प्रविधिकै उच्चतम उपयोग गर्दै भुक्तानी सेवा प्रदायक संस्थाहरुको विकासले धेरै सहज पारिदिएको पनि छ ।

छिनका छिन विदेशमा कमाएर पठाएको पैसा आफ्नो परिवारको हातमा आउने अवस्था बनेको छ । यसरी प्राप्त भएको सुविधालाई दुरुपयोग गरेर रकम ठग्ने गिरोह सक्रिय रहेकाले मानिहरु ठूलो धनराशि ठगिन विवश छन् भने गिरोहको लोभमा फसेर सयौँ मानिसहरु पीडित बनिरहेका छन् ।

काठमाडौँ जिल्ला प्रहरी परिसरका प्रमुख प्रहरी तथा वरिष्ठ प्रहरी उपरीक्षक दानबहादुर कार्कीले डिडिटल अपराध बढ्दो रहेकाले यसको रोकथाममा ठूलो चुनौती खडा भएको बताए । उनले भुक्तानी सेवा प्रदायक संस्थामा नक्कली कागजात पेस गरेर र अरूकै नाम, नम्बरसमेत प्रयोग गरी खाता खोलेर रकमान्तर गर्ने बढ्दो क्रममा रहेको बताउनुभयो । प्रहरी उपरीक्षक कार्कीले यसलाई रोक्न केही दिनअघि राष्ट्र बैंकका प्रतिनिधिहरुको रोहवरमा भुक्तानी सेवाप्रदायक संस्थासँग छलफलसमेत चलाएको जानकारी दिए । छलफलमा यस्ता समस्याहरु रोकथामका लागि सरकारकै पहल जरुरी रहेको ती संस्थाका प्रतिनिधिहरुले बताएका थिए ।

काठमाडौँ प्रहरीको अभिलेखमा यो आर्थिक वर्षको पुससम्ममा यसरी नक्कली कागजातहरु पेस गरी झन्डै रु एक करोड २२ लाख ६५ हजार पाँच सय ११ रकमान्तर भई मानिस ठगिएका पाइएको छ । प्रहरीमा यसरी आफू ठगीमा परेको भन्दै एक सय १२ जनाले एक सय ३४ जनाविरुद्ध उजुरी दिएका थिए । यसअघि आव २०७८/७९ मा तीन सय ३८ जनाले एक सय ९७ जनाविरुद्ध रु चार करोड ४८ लाख ठगीमा परेको भनी उजुरी दिएका थिए ।

बैंकमार्फत ५९ जनाले रु ६५ लाख ४२ हजार रकमान्तर गरी ५६ जनाको रकम लगेको भनी उजुरी परेको थियो । अन्य डिजिटल वालेटहरु ई-सेवा खल्ती, आइएमई मनी ट्रान्सफर, क्यास-पे वालेट, जिएमई रेमिट, सिटी एक्सप्रेस प्रालिलगायत मार्फत यसरी रकमान्तर भएको थियो ।

आइएमई मनी ट्रान्सफरबाट मात्रै रु ३२ लाख ४१ हजार रकमान्तर भएको थियो । त्यसमा १२ जनाको पैसा १६ जनाले लगेका भनी उजुरी परेको थियो । उण्डाइस जना पीडितले इसेवाबाट रु १३ लाख रकमान्तर भएको भनी उजुरी दिएका थिए भने खल्तीबाट २० जनाले रु सात लाख ७७ हजार रकमान्तर गरेको भनी उजुरी परेको प्रहरी उपरीक्षक सीताराम रिजालले जानकारी दिए ।

यसरी रकमान्तर भएका सबैले अर्कैको नामका नागरिकता वा राहदानीमा नक्कली फोटो टाँस्ने, नम्बरहरु पनि कम्प्युटरबाट इडिट गरेर टाँस्ने र खाता खोली रकमान्तर गर्ने गरेको पाइएको पनि उहाँले बताए । खोज्दै जाँदा जुन नम्बर प्रयोग गरेर पैसा रकमान्तर भएको छ, त्यो नम्बरको मान्छेले उक्त डिजिटल वालेटमा खाता नै नखोलेको पाएको छ, कतिपय घटनामा जसको नाम र नम्बर प्रयोग गरेर रकम भुक्तानी गरिएको छ, त्यो नामको मान्छेले उक्त नम्बर प्रयोग नै नगरेको भेटिएको छ, प्रहरी उपरीक्षक रिजालले भन्नुभयो,डिजिटल भुक्तानी सेवा प्रदायक संस्थाहरुमा यसरी नक्कली आइडी खोलेर रकम भुक्तानी हुने क्रम बढेकाले अपराध अनुसन्धान र कारबाहीमा समेत असर परिरहेको छ तर पनि पहिचान गरेर वास्तविक पीडकलाई कारबाही पनि भइरहेको छ ।

प्रहरीका अनुसार सुरुमा जो पीडित भनेर देखिएका छन् उही पीडक बनेर निस्किएका घटना पनि रहेको पाइएको छ । यसरी फरकफरक नागरिकतामा फरकफरक व्यक्तिका फोटा र नम्बरहरु प्रयोग गरेर पैसा भुक्तानी गर्दा नागरिक ठगिने क्रम बढिरहेकाले सचेत हुन डिजिटल भुक्तानी सेवा प्रदायक संस्थासँग प्रहरीले अनुरोध गरेको छ । केवाइसी फारम भर्दा होस् या भुक्तानी दिँदा वास्तविक नाम र मान्छे हो होइन भनेर यकिन गरेपछि मात्रै भुक्तानी गर्नसमेत प्रहरीले ती संस्थाहरुसँग अनुरोध गरेको छ ।रासस

# सरकारले कुन आयोजनाका लागि कति वैदेशिक सहायता लिँदैछ ?




काठमाडौँ, २ फागुन

आइतबार सार्वजनिक भएको चालु आर्थिक वर्ष २०७९/८० को बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदनअनुसार गत पुस मसान्तसम्ममा सरकारले रू ३० अर्ब आन्तरिक र २६ अर्ब ४६ करोड बाह्य ऋण उठाएको छ । यहि अवधिमा सरकारले लिएको वैदेशिक अनुदान रू आठ अर्ब १२ करोड बराबर छ ।

सरकारले वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आन्तरिक तथा बाह्य ऋण र वैदेशिक अनुदान लिने गरेको छ । चालु तथा आगामी आवका लागि विकास सहायता परिचालन गर्ने गरी विभिन्न विकास साझेदारसँग छलफल तथा वार्ता भइरहेको अर्थ मन्त्रालयले जनाएको छ । एक दर्जनभन्दा बढी विकास साझेदारसँग ऋण र अनुदानका लागि पहल भइरहेको बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदनमा उल्लेख छ ।

समीक्षा प्रतिवेदनअनुसार सरकारले काँकडभिट्टा-लौहकी सडक खण्ड कार्यान्वयनका लागि एसियाली विकास बैंक (एडिबी) बाट अमेरिकी डलर ३० करोड (रू ३९ अर्ब) सहुलियतपूर्ण ऋण लिनका पहल गरिरहेको छ । त्यस्तो ऋण लिनका लागि एडिबीसँग वार्ता भइसकेको अर्थ मन्त्रालयले जनाएको छ ।

विद्यालय क्षेत्र सुधार कार्यक्रमका लागि विश्व बैंकबाट अमेरिकी डलर १० करोड (रू १३ अर्ब) बराबरको सहुलियतपूर्ण लिने सरकारको तयारी छ । यस्तो ऋण प्राप्त गर्न विश्व बैंकसँग वार्ताको चरणमा रहेको सरकारको भनाइ छ । त्यस्तै, विश्व बैंकबाटै गुणस्तरीय स्वास्थ्य प्रणाली आयोजनाका लागि अमेरिकी डलर १० करोड (करिब रू १३ अर्ब) बराबरको सहुलियतपूर्ण ऋण लिन लागिएको छ । यो ऋण सहायता प्राप्त गर्न आयोजना दस्तावेज तयार भइसकेको जनाइको छ ।

नेपालको वित्तीय क्षेत्र पुनर्संरचना (फिस्कल डीपीसी-२) कार्यक्रमअन्तर्गत विश्व बैंकबाट अमेरिकी डलर १० करोड (करिब रू १३ अर्ब) बराबरको बजेटरी सहायताका लागि सहुलियतपूर्ण ऋण लिन लागिएको पनि अर्थ मन्त्रालयले प्रतिवेदनमा उल्लेख गरेको छ ।

त्यस्तै, 'फाइनान्स फर ग्रोथ' कार्यक्रमअन्तर्गत् विश्व बैंकबाट अमेरिकी डलर १० करोड (करिब रू १३ अर्ब) बराबरको बजेटरी सहायता लिने तयारी भैरहेको जनाइएको छ । कूल छ सय ३५ मेगावाट विद्युत् उत्पादन क्षमताको दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजना कार्यान्वयनका लागि एसियाली विकास बैंकले प्रारम्भिक सहमति जनाइसकेको छ ।

यो आयोजना कार्यान्वनयका लागि एसियाली विकास बैंकबाट अमेरिकी डलर ५८ करोड (करिब रू ७५ अर्ब ४० करोड) बराबरको सहुलियतपूर्ण ऋण प्रदान गर्ने आशय प्राप्त भएको छ । यो आयोजनामा अन्य दातृ निकायबाट पनि लगानी जुटाउन समन्वय भइरहेको छ, बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदनमा भनिएको छ ।

त्यसैगरी, एक हजार ६१ मेगावाट विद्युत् उत्पादन क्षमता रहेको माथिल्लो अरुण जलाशययुक्त जलविद्युत् आयोजना कार्यान्वयनका लागि विश्व बैंकबाट अमेरिकी डलर ५० करोड (करिब रू ६५) अर्ब बराबरको सहुलियतपूर्ण ऋण सहायता जुटाउन गृहकार्य भैरहेको छ । यो आयोजनामा बाँकी रकम जुटाउन अन्य सम्भाव्य लगानीकर्तासँग समन्वय भइरहेको पनि अर्थ मन्त्रालयको भनाइ छ ।

भन्सार पुनर्संरचना कार्यक्रम कार्यान्वयनका लागि एसियाली विकास बैंकबाट अमेरिकी डलर पाँच करोड (करिब रू छ अर्ब ५० करोड) बराबर सहुलियतपूर्ण ऋण सहायता प्राप्त गर्ने क्रममा छ ।

सार्वजनिक वित्तीय व्यवस्थापन तथा सेवा प्रवाह सुधार कार्यक्रम कार्यान्वयनका लागि एसियाली विकास बैंकबाट ऋण लिन लागिएको छ । यो कार्यक्रमका लागि अमेरिकी डलर १० करोड (करिब रू १३ अर्ब) बराबरको सहुलियतपूर्ण ऋण प्राप्त गर्न पूर्वतयारीको केहि काम पूरा गर्न बाँकी रहेको मन्त्रालयले जनाएको छ ।

स्थानीय पूर्वाधार सहायता कार्यक्रम कार्यान्वयनका लागि बेलायत सरकारबाट अनुदान सहायताको रुपमा पाउन्ड स्टर्लिङ नौ करोड (करिब रू १४ अर्ब ४० करोड) बराबर प्राप्त गर्न समझदारीपत्रको मस्यौदामा छलफल भइरहेको छ ।

त्यस्तै, ग्रामीण सडक सञ्जाल सुधार आयोजना कार्यान्वयनका लागि एसियाली विकास बैंकबाट अमेरिकी डलर आठ करोड आठ लाख (करिब रू एक अर्ब १९ करोड) ऋण लिन लागिएको छ । यो अतिरिक्त लगानीवापत सहुलियतपूर्ण ऋण सहायता प्राप्त गर्ने सम्बन्धमा द्विपक्षीय वार्ताको चरणमा रहेको अर्थ मन्त्रालयले प्रतिवेदनमा उल्लेख गरेको छ ।

ऋण मात्र नभई विदेशी सहायता लिनका लागि पनि केहि विकास साझेदार र दातृ निकायहरुसँग सरकारले छलफल गरिरहेको छ । विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनलगायत अन्य क्षेत्रका लागि युरोपियन युनियनबाट बजेट सहायताका रुपमा चार करोड युरो अनुदान प्राप्त गर्न सम्बन्धित मन्त्रालयबाट राय, प्रतिक्रिया प्राप्त भएको र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट राय प्रतिक्रिया प्राप्त हुने चरणमा रहेको छ, बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदनमा भनिएको छ ।

त्यसैगरी, कृषि तथा ग्रामीण विकासका लागि योगदान (कार्ड) मार्फत् युरोपियन युनियनबाट रू एक करोड ५६ लाख अनुदान प्राप्त गर्नका युरोपियन युनियनलाई अनुरोध गरिएको छ । यो अनुदान सहायता प्राप्त हुने प्रक्रियामा रहेको अर्थ मन्त्रालयले जनाएको छ ।रासस

# व्यावसायिकरूपमा मस्यौरा र गुन्द्रुक उत्पादन सुरु

टीकापुर, २ फागुन

कैलालीको टीकापुरमा व्यावसायिकरूपमा मस्यौरा र गुन्द्रुक उत्पादन थालिएको छ । यस क्षेत्रका १७ महिलाले समूह बनाएर मस्यौरा र गुन्द्रुक उत्पादन सुरु गरेका हुन् । उनीहरूले पहिलो दिन २५ केजी मस्यौरा उत्पादन गरेका छन् भने गुन्द्रुक ५० केजीका १५ ड्रम र सिन्की ५० केजीका छ ड्रम उत्पादनको तयारीमा रहेका छन् । तयारी भएको मस्यौरा गुणस्तर परीक्षण गर्न खाद्य तथा गुण नियन्त्रण कार्यालय धनगढी पठाइएको छ ।

मस्यौरा बनाउनका लागि मेसिन प्रयोग हुन्छ । पिडालु छिल्ने, पिडालु मसिनो बनाउने, मास पिस्ने, पिडालु र मास मिक्स गर्ने र तयार भएको मस्यौरा सुकाउने गरी पाँच मेसिन भारतको दिल्लीबाट ल्याएका हुन् । यसरी उत्पादन भएको मस्यौरा र गुन्द्रुक नेपालमै खपत हुने र विदेशमा समेत पठाउन सकिने उनीहरू बताउँछन् ।

मस्यौरा तयार गर्ने मेसिनमा रु १३ लाख बढी खर्च भएको छ भने सिन्की परम्परागतरूपमै तयार गर्ने गरिएको छ । सत्र जना महिलाले रु एक-एक लाख लगानी गरेर उद्योग सञ्चालन गरेका हुन् । महिलाले उद्योग सञ्चालन गरेपछि यस क्षेत्रका किसानको मुला, पिडालु र मासले मूल्य पाउने भएको छ । मुलाको मूल्य बजारमा व्यापारीबाट किसानले रु १०, काउली रु १० र पिडालुको मूल्य ३० र कुपिण्डोको मूल्य ३० मा किसानले बिक्री गर्ने गरेका थिए भने अहिले मुला रु १५, काउली १५, पिडालु ४० र कुपिण्डोको रु ४० पाउन थालेका छन् ।



विगतमा तरकारी खेती गरेर बजारको समस्या भोगेका जानकी गाउँपालिकाको सुवर्णपुरका चित्रबहादुर चौधरीले तरकारीको मूल्य न्यून पाए पनि बजारको समस्या नभएको बताए ।मूल्य त खासै पाइएको छैन तर विगतमा बजार नपाएर तरकारी फाल्नुपर्ने अवस्था थियो, उनले भने ,मूल्य कम पाए पनि बजार नपाउने चिन्ता टरेको छ ।

सत्र जनाले रु एक-एक लाख लगानी गरेर उद्योग सञ्चालन गरेका हौँ, मालिका महिला उद्यमी कम्पनीका कोषाध्यक्ष सिर्जना पण्डितले भने हातले घरेलु प्रविधिबाट कात्तिकदेखि मस्यौरा बनाउन थालेका थियौँ, बजारको मागबारे बुझेपछि थप लगानी गरेर मेसिनबाट उत्पादन गर्न थालेका छौँ । उत्पादनका लागि बजारको समस्या नभएको उनको भनाइ छ । बिक्रीका लागि समस्या छैन, काठमाडौँबाट हाम्रो उत्पादन लिन फोन आइरहेका छन, उनले भने ,हामीले उद्योग सञ्चालन गरेपछि मुला, कुपिण्डो र पिडालु यही खपत हुने भएको छ । यस क्षेत्रमा उत्पादन भएको कुपिण्डो र पिडालु सस्तो मूल्यमा भारतीय व्यापारीले घर-घरबाट लिने गरेका थिए, अब हामीलाई दिने भएका छन, उनले भने । महिलाहरूले गुन्द्रुक तयार गर्न आवश्यक साग हाटबजारमा गएर खरिद गर्ने गरेका छन् भने पिडालु र कुपिण्डो खोज्न गाउँ-गाउँ जाने गरेका छन् । सबैको समान सहभागिताका आधारमा आफैँले काम गरिरहेका उनले बताए ।

मालिका महिला उद्यमी कम्पनीका अध्यक्ष कल्पना जैसीले महिलालाई रोजगारसँग जोड्न उद्योग खोल्ने सल्लाह गरेर उद्योग स्थापना भएको बताए । कच्चा पदार्थ स्थानीयस्तरमै पाइने, राम्रो व्यवस्थापन गरेमा स्वदेश तथा विदेशमा राम्रो बजार भएकाले हामी उत्पादनमा लागेका हौँ, उनले भने ,महिलाहरू पनि आयआर्जनका कार्यमा लाग्नुपर्‍यो भनी हामी काममा जुटेका छौँ ।

महिलाले उत्पादन गरेका सामान व्यापार महासङ्घले बजारीकरण गरिदिने बताएको छ । हामीले उद्योगमा करोडौँ लगानी गर्ने, एकै दिनमा धेरै उत्पादन गर्ने, अझै ठूला मेसिन थप्ने योजना छ, उनले भने , दैनिक सयौँ जना महिलालाई रोजगार दिने वातावरण बनाउँछौँ । रासस

# सहकारीमा सुशासन प्रवर्द्धनका लागि सामूहिक प्रतिबद्धता आवश्यक– सचिव रेग्मी



काठमाडौ, २ फागुन

सरकारले अर्थतन्त्रको आशलाग्दो खम्बाकारुपमा सहकारीलाई प्राथमिकताका साथ स्वीकार गरी यस क्षेत्रको विकास र विस्तारमा विशेष कार्यक्रम सञ्चालन गरिरहेको छ । सहकारी व्यवस्थापन समितिद्वारा आज आयोजित सहकारी र सुशासन विषयक कार्यक्रमका वक्ताले सहकारी अर्थतन्त्रको एक महत्वपूर्ण क्षेत्र मात्र नभइ समुदायको एकता र परिचालनसँग सम्बन्धित विषय भएको बताए ।

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव डा दामोदर रेग्मीले सहकारीले समुदायमा सबैलाई एउटै स्थानमा ल्याउन सहयोग र सकारात्मक भूमिका खेलिरहेको बताए । उनले भन्नुभयो समुदायका गरिब, साना किसानलाई आर्थिक सामाजिक रुपमा सबल बनाउने कार्यमा सहकारीले काम गरिरहेका छन्, मुलुकका सामाजिक अर्थतन्त्रको सुदृढीकरणमा पनि महत्वपूर्ण योगदान गर्न सक्दछ । स्थानीय स्रोतसाधनको भरपुर प्रयोग गर्नसक्ने स्थानीय उत्पादनलाई प्रशोधन गर्दै बजारीकरणमा लैजान सरकारले सहकारीलाई प्रोत्साहन गर्दैआएको छ ।

सरकारले गाउँ तहमा साना-साना उद्यमको सुरुवात गरी आयआर्जनसँगै नवीनतम अभ्यासलाई प्रोत्साहन गर्ने तथा आर्थिक र सामाजिक पुँजीलाई उपयोग गर्दै सहकारीलाई उत्पादनमा संलग्न गरेर बजारसँग जोड्ने काम गरिरहेको छ । ग्रामीण जनजीवन र कृषिमा आधारित अर्थतन्त्रलाई प्रभावकारी बनाउन, स्वरोजगार र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा सहकारीको भूमिका महत्वपूर्ण रहने जनाउँदै सचिव रेग्मीले भन्नुभयो,सहकारीको मूल काम नै समुदायका हरेक सदस्यको जीवनस्तरमा सुधार गर्ने हो । सहकारीमा भएका असल अभ्यासको बजारीकरण र सहकारी कानुनको परिपालना नगर्ने सहकारी संस्थालाई कानुनको दायरामा ल्याइने कार्यलाई सरकारले कडाइकासाथ अघि बढाएको छ । सहकारी व्यवस्थापन समितिका अध्यक्ष काशीराज दाहालले सहकारी अनुशाशित भई अगाडि बढ्नु आवश्यक रहेको बताउनुभयो । सो अवसरमा सहकारी सङ्घ संस्थामा सुशासनको प्रवर्द्धन गर्न अभियन्ताले सहकारीको माध्यमद्वारा गरिबी निवारण, रोजगारीको सिर्जना, उत्पादन वृद्धि, समुदायको सशक्तिकरणजस्ता क्रियाकलापमा तिनै तहका सरकारको सक्रिय भूमिका सुनिश्चित गर्न/गराउन पहल गर्ने प्रतिबद्धता जनाउनुभयो । कार्यक्रममा सुशासन कायम, ऐन कडाइकासाथ लागू, पारदर्शीता र जवाफेहिता कायम, ऋणको धितो लिने र भाखा नाघ्न नदिने, समन्वय, अनुगमन र नियमन एवं दोहोरो पनि हुन नदिने तथा सचेतनाका कार्यक्रम सञ्चालन गर्ने विषयमा एकताबद्ध भई सहकारी क्षेत्रको विकास र प्रवर्द्धनमा काम गर्नेसमेत प्रतिबद्धता जनाइएको थियो ।रासस

# सिमेन्ट उत्पादन बन्द

बागमती, २ फागुन

सरकारी स्वामित्वको हेटौँडा सिमेन्ट उद्योगबाट सिमेन्ट उत्पादन बन्द भएको छ । उद्योग सञ्चालनका लागि आवश्यक कोइला अभावमा उत्पादन बन्द भएको हो ।



कोइला आपूर्तिका लागि बोलपत्र आह्वान भइसकेको उद्योग व्यवस्थापनको भनाइ छ । उद्योगले प्रथम र दोस्रो चरण गरी १० हजार मेट्रिक टन कोइला आयात गर्ने योजना बनाएको छ । उद्योगका नायव महाप्रबन्धक नवीन कर्णले सिमेन्ट उत्पादनका लागि आवश्यक कोइलाको व्यवस्थापनमा लागेको र एक हप्ताभित्र कोइला आपूर्ति भई सिमेन्ट उत्पादन सुरु हुने दाबी गर्नुभयो । कोइला भारत, इन्डोनेसिया र भुटान तथा पाकिस्तानबाट आयात हुनेछ । लामो समय बन्द भएको उद्योग तीन महिनाअघि मात्रै फेरि सञ्चालनमा आएको उद्योग अहिले फेरि बन्द भएको हो ।

दैनिक सात सय ५० टन सिमेन्ट उत्पादन गर्ने क्षमता रहेको भए पनि पुरानो मेसिनरी समस्या र जनशक्ति अभावमा सो अनुसार उद्योगबाट सिमेन्ट उत्पादन हुन सकेको छैन । उद्योग विगत चार वर्षदेखि घाटामा छ । उद्योग विसं २०३३ मा एशियाली विकास बैंकको सहयोगमा स्थापना भएको थियो । रासस



लुम्बिनी प्रदेशका मुख्यमन्त्री लीला गिरी मङ्गलबार घोराही-१४, लखनपार्कमा स्थापना गरिएको नेपालका प्रथम सहिद लखन थापाको १४६ औँ स्मृति दिवस तथा पूर्णकदको शालिक अनावरण कार्यक्रममा थापाको शालिक अनावरण गर्नुहुँदै । *रञ्जिता अधिकारी/रासस*

# मिटरब्याज विरुद्ध भएको सहमति कार्यान्वयनको माग



मधेशदृष्टि

काठमाडौ, २ फागुन। मिटरब्याज तथा ठगीविरुद्ध गृह मन्त्रालय र समितिबीच भएको सहमति कार्यान्वयन गर्न किसान-मजदुर संघर्ष समितिले माग गरेको छ । सूचनाको हक अनुसार समितिलाई कानुनको मस्यौदाबारे जानकारी गराउन समितिले माग गरेको हो । समितिका प्रवक्ता निर्गराज जैशीले सूचना माग गर्दै दिएको निवेदनमा गत १ असोजमा तत्कालिन गृहमन्त्री बालकृष्ण खाँडको रोहबरमा समिति र गृह मन्त्रालय बीचमा भएको सहमति कार्यान्वयनबारे सरकारले समितिलाई जानकारी नदिएर सूचनाको हक उल्लंघन गरेको आरोप लगाइएको छ ।

सरकारसँग ५ बुँदे सहमती भएपनि उक्त सहमति तत्काललाई आन्दोलन मत्थर पार्ने प्रपञ्चका रुपमा सरकारले लिएको निवेदनमा दावी गरिएको छ । 'संघीय सरकारको जिम्मेवार गृह मन्त्रालयसंग त्यस किसिमको सहमती भैसकेपछि सहमती अनुसारको कामहरु अविलम्ब सरकारले अगाडी बढाउँछ र अन्यायको श्रृंखलाबाट मुक्ति पाईन्छ भन्नेमा पीडितहरु आशावादी बनेका थिए ।

समितिको पनि त्यसै अनुरुपको बुझाई बनेको थयो । तर सहमती भएको करिव पाँच महिना हुनै लाग्दा समेत सहमती अनुसार सरकारले गर्नुपर्ने कामहरु गम्भीरतासाथ गरेको छ भन्ने पीडित जनता र संघर्ष समितिलाई आभाष सम्म पनि हुन सकेको छैन । संघर्षलाई मत्थर पार्ने तत्कालको रणनीतिको रुपमा मात्रै सहमतीको नाटक मञ्चन भएको रहेछ कि भन्ने अनुभूति हुँदै गएको छ', निवेदनमा भनिएको छ ।

संघर्ष समितिको तर्फबाट मन्त्रालयसँग पटकपटक फलोअप गर्दा पनि सहमती कार्यान्वयनका सन्दर्भमा ठोस प्रगति भएको वा छिटै कार्यान्वयन हुने बारेमा यूक्तियूक्त जवाफ पाउन नसकेको भन्दै समितिले राज्य किसानको विपक्षमा रहेको आशंका रहेको निवेदनमा उल्लेख छ ।

# उपमहानगरले बनाउन लागेको पार्किङ्ग स्थलमा विवाद



मधेशदृष्टि

जनकपुरधाम,२फागुन।जनकपुरधाम उपमहानगरपालिकाले बनाउन लागेको पार्किङ्ग स्थलको जग्गा विवादमा परेको छ ।

जनकपुरधाम ८ स्थित दशरथ मन्दिरको दक्षिण छेउमा बनाउने भनिएको पार्किङ्ग स्थलको जग्गा स्थानिय राष्ट्रिय प्राथमिक विद्यालयको रहेको रहेको दाबी गरिएको हो । गत शुक्रवार उपमहानगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष सहित दलबलका साथ शिलान्यास गरिएको पार्किङ्ग जोनको जग्गा विद्यालयको सम्पती रहेको वडावासीहरुको भनाई छ । सो जग्गा बचाउनका लागि भन्दै उपमहानगरपालिकाको वडा नं. ६, ७ र ८ का वडावासीहरु एक भएका छन् ।

स्थानिय राष्ट्रिय प्राथमिक विद्यालयको जग्गा अतिक्रमण गरि उपमहानगरपालिकाका मेयर मनोज साह र उपमेयर किशोरी साहद्वारा सवारी साधन पार्किङ स्थलको रुपमा शिलान्यास गरेकोमा उनीहरुले आपती जनाएका छन् ।

नक्सामा विद्यालयको आधा भाग अतिक्रमण भएको देखिन आएकाले भोलिको दिनमा स्कुलकै भाविष्य स्वतः समाप्त हुने भन्दै उनीहरु वडा नं. ६, ७, ८ का सम्पुर्ण जनताहरु एक हुनुपने ' बताएका छन् । विद्यालयको प्राङ्गणमा उपस्थिति भएका उनीहरु विद्यालय बचाउ संर्घष समिति गठन गरि आन्दोलन गर्ने तयारी गरेका छन् ।

उपमहानगरपालिकाले मन्दिर नजिकै रहेको करिब १२ कठठा जग्गा लिजमा लिएर करीब ६० लाख रुपैयाको लागतमा पार्किङ्ग स्थलको निर्माण कार्यको शुक्रवार शिलान्यास गरी शुभारम्भ गरिएको छ । पार्किङ्ग स्थल निर्माण भएपछि नगरक्षेत्रमा जथाभाबी रुपमा हुने पार्किंग नियन्त्रण भएर सडक तथा ट्राफिक व्यवस्थापनमा ठूलो मद्दत पुग्ने विश्वास उपमहानगरपालिकाको विश्वास छ ।

# जसपाले छानबीनको म्याद बढायो



मधेशदृष्टि

जनकपुरधाम, २ फागुन । जनता समाजवादी पार्टी नेपालले चुनावमा पार्टीभित्र भएको अन्तर्घातबारे छानबिन गर्न म्याद गरेको छ । छानबिन गरी कार्यदलले माघ मसान्तभित्र प्रतिवेदन बुझाउनुपर्ने थियो तर छानबिनको काम नसकिएकाले म्याद थपिएको बताइएको हो । अब छानबिनका लागि फागुन १५ गतेसम्मका लागि म्याद थप गरिएको छ । जसपाले चुनावमा भएको अन्तर्घातबारे छानबिन गर्न कार्यकारिणी सदस्य शिवलाल थापाको संयोजकत्वमा कार्यदल गठन गरेको छ । कार्यदलले विभिन्न १५ वटा जिल्लामा छानबिन गर्ने भनेर सूची तयार गरेको छ । सोही अनुसार छानबिन सुरु गरिएको कार्यदलका संयोजक थापाले बताए ।

१५ वटा जिल्लामध्ये मोरङ, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, बर्दिया, सुर्खेत, कैलाली, मकवानपुर, धादिङमा छानबिन गरी बयान लिइसकेको छ । संयोजक थापाले भने, 'मकवानपुर र धादिङमा बयान लिन बाँकी छ एकपटक त्यहाँ पुनः जानुपर्ने हुन्छ । सुनसरी र पाँचथर गएर छानबिन गर्नै बाँकी छ ।' कुन कुन क्षेत्रमा कसरी अन्तर्घात भएको, ककसले गरेको भन्दै जसपाले प्रमाणसहित उजुरी दिन पार्टीलाई सर्कुलर गरेको थियो । सोही अनुसार जिल्ला जिल्लाबाट केन्द्रमा उजुरी आएको हो । त्यसमध्ये सबभन्दा बढी सप्तरी क्षेत्र नम्बर २ बाट ३८ जनाको नाम केन्द्रमा आएको हो ।

जसपाका अध्यक्ष उपेन्द्र यादव सो क्षेत्रबाट चुनाव हारेका हुन् । ती ३८ जनाबाट बयान लिने काम पनि सकिएको छ । बयान लिने क्रममा ती नेताहरूले केही थपा नेताको नाम भनेका छन् । ती नेताहरूसँग पनि बयान लिन सप्तरी जाने तयारी भइरहेको संयोजक थापाले बताए ।

# जनमतको पार्टी प्रवेशमा कडाई

मधेशदृष्टि

जनकपुरधाम, २ फागुन । पार्टी छोडेर गएका नेताहरूलाई पुनः प्रवेशमा जनमत पार्टीले कडाइ गर्ने गरेको छ ।

काठमाडौँमा तीन दिनसम्म चलेको पार्टीको केन्द्रीय कार्यकारिणी समितिको विशेष बैठकले पार्टी छोडेर गएका नेता तथा कार्यकर्ताहरूलाई पुनः प्रवेश गरेको खण्डमा ६ वर्षसम्म कुनै पनि लाभको पदमा वा निर्वाचनमा सहभागी हुन नदिने निष्कर्ष निकालेको छ ।

निर्वाचनको क्रममा अन्तर्घात गरेका, खुला वा छद्म रूपमा अन्य पार्टीलाई सहयोग गरेका, निर्वाचनको मुखमा अरू पार्टीमा प्रवेश गरेका वा बागी उम्मेदवार बनेका सदस्यहरूमाथि कडा कारबाहीको तयारी भइरहेको पार्टीले जनाइएको छ । उक्त विषयहरूमा पुनः बैठक बसी केही दिनमै निर्णय सार्वजनिक हुने जनमत पार्टीले जनाएको छ ।

माघ २८ देखि फागुन १ गतेसम्म चलेको बैठकमा सङ्गठनको पुनर्संरचना, केन्द्रीय संरचनाहरूको पुनर्गठन, सङ्घीय परिषद् र प्रादेशिक समितिहरूको गठन बारे पनि छलफल भएको छ । घर-घर जनमत अभियान, जनमत प्रवेश महाअभियान, नवप्रवेशी र नेता कार्यकर्ताहरूको व्यवस्थापन, प्रशिक्षण र अनुशासन, जिल्ला इन्चार्जहरूको नियुक्ति/फेरबदल, जिल्ला अधिवेशनको तयारीबारे पनि बैठकमा छलफल भएको छ ।

भातृ सङ्गठन, मोर्चा र विभागहरूको पुनर्गठन, हरेक जिल्लामा प्रभावकारी र नियमित कार्यालय तथा हेल्पडेस्क व्यवस्थापन आदि विषयमा छलफल भएको जनाइएको छ। पार्टी प्रवेश गर्न चाहने राष्ट्रिय तथा जिल्ला स्तरका नेताहरूलाई पार्टी प्रवेश शीघ्रताका साथ गराउने र त्यसको लागि संयन्त्र निर्माण गरिने विषयमा समेत बैठकमा छलफल भएको छ ।

## संसदमा भ्रष्टाचारको ......................

भ्रष्टाचार भइरहेको ठाकुरले बताए । सबै प्रक्रिया पुरा गरेर जानेलाई विभिन्न बहाना बनाएर लाइसेंस नदिने र दलाल मार्फत गए २०/२५ हजार रुपैयामा केही गर्नुपदैन, सोझै हातमा लाइसेंस पुर्याउने गरिएको उनले बताए । गैरकानूनी कामबाट लिने रकममा कार्यालयका हाकिम देखि कर्मचारीसम्म भागबण्डा हुने गरेको छ । माथिदेखि तल्लोसम्मका कर्मचारीको मिलोमतोमा अवैध तरिकाले लाइसेंस खरीद बिक्री कार्यलाई अविलम्ब रोक्न माग उनले सरकारसँग गरे ।

## पुल निमार्णका लागि ................

पुर्व सांसद स्थानीय तहका प्रमुख तथा सरोकारवालाहरुलाई सम्बोधन गरेका थिए ।

पुर्व प्रधानमन्त्री समेत रहेका तथा हाल निर्वाचन क्षेत्र नम्बर एकका सांसद समेत रहेका माधवकुमार नेपालले समेत आफ्नो क्षेत्रको विकास निमार्ण प्रति चासो नदेखाउँदा सहनीले उनको कडा आलोचना गरेका छन् । स्थानीयतह तथा प्रतिनिधीसभाको निर्वाचनको क्रममा पुल निमार्ण गर्न जनता समक्ष बाँडेको आश्वासन अहिले झुठो साबित भएको आरोप समेत सहनीको थियो ।

पुल निमार्ण नहुँदा वर्षेनी बाढीबाट जनधनको ठुलो क्षती समेत हुँदै आएको बताउँदै इशनाथ नगरपालिकाका उपमेयर महम्मद परवेज आलमले पुल निमार्णका लागि अब जस्तो सुकै कदम उठाउने बताए । विगत ९ वर्ष देखि ठेकेदार र सरकारको कामकारबाहीबाट केही भएन् अब जनताले गर्ने आन्दोलन वाहेक अर्को कुनै विकल्प छैन उपमेयर आलमले भने ।

तत्कालिन सडक डिभिजन कार्यालय हेटौडाबाट २० करोड ७२ लाख रुपैयाको लागतमा गौर औरैया जोड्ने लालबकैया नदीमा २ सय २५ मिटर लम्बाई तथा ७ दशमलव २ मिटर चौडाई भएको पक्की पुल निर्माणका लागि बोलपत्र आह्वान गरिएको थियो ।

लागत इस्टिमेटभन्दा २८ प्रतिशत कम अर्थात १४ करोड ९३ लाख रुपैयामा पप्पु कन्स्ट्रक्सनले ठेक्का लिएको थियो । पप्पुले निमार्ण गरेको पुलको पश्चिम तर्फको दुईवटा गडर पनि गरणस्तरहीन भएको सडक डिभिजनको ठहर गरेको छ ।

२०७४ सालमा निमार्ण पुरा हुनुपर्ने पुलको अधुरो संरचना गुणस्तरहीन भएकै कारण फुटेर झर्न थालेको छ । म्याद नाघेको वर्षोपछि पप्पुले गत वर्षदेखि पुरानै संरचनामा जोडेर निमार्ण सुरु गर्दा डिभिजन सडक कार्यालय चन्द्रपुरले रोक्का गरेको थियो । त्यसपछि निमार्ण कम्पनीले अटेरी गर्दे अदालतमा मुद्धा समेत हालेको सडक डिभिजन प्रमुख दरोगा साहले बताए ।

पप्पु कन्स्ट्रक्सनले कार्यालय निर्देशनको पालना नगर्ने, भौतिक प्रगतिको अवस्था विगतकै वर्षहरु जस्तै रहने, निमार्ण स्थलमा दक्षजनशक्तिको अभाव, आफ्नो मनखुशी गुणस्तरहीन निमार्ण सामग्रीको प्रयोग लगायतको विभिन्न कार्यहरु गर्दे आएकोले ठेक्का तोड्न खोज्दा अदालतमा मुद्धा दर्ता गराईएको साहले जानकारी दिए ।

# सहकारीमा २५ लाखभन्दा बढी निक्षेप गर्न नपाउने

मधेशदृष्टि

जनकपुरधाम, २ फागुन । सहकारीको नियमनलाई कसिलो बनाउने गरी सरकारले कानून बनाउन लागेको छ ।

सहकरीहरुले बचतकर्ताबाट ठूलो निक्षेप लिन नपाउने गरी कानुन बनाउन लागिएको छ भने ठूला कारोबार गर्ने सहकारीहरुको नियमन नेपाल राष्ट्र बैंकले नै गर्ने भएको छ । पछिल्लो समय धेरै सहकारी संस्थाहरु समस्याग्रस्त बन्दै जाँदा सरकारले सहकारी संस्थामा २५ लाख भन्दा बढीको निक्षेप राख्न नपाउने गरी संशोधन गर्न लागेको हो । हाल सहकारी संस्थाले संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा सम्बन्धमा संस्थाको विनियममा तोकिए अनुसार लिन सक्ने व्यवस्था रहेको छ ।

तर, नेपाल सरकारले संघीय संसदको प्रतिनिधिसभामा दर्ता गरेको सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकमा सहकारी ऐन संशोधन गर्दै सहकारी संस्थाले २५ लाखसम्म मात्रै निक्षेप लिन पाउने व्यवस्था गर्न लागेको हो । सहकारी ऐनको दफा ५२ लाई संशोधन गर्दै व्यक्तिगत बचतको सीमा २५ लाख रुपैयाँमा नबढ्ने गरी संस्थाको विनियममा तोकिए अनुसार लिनुपर्ने व्यवस्था गर्न लागिएको छ ।

तर, उक्त दफा प्रारम्भ हुँदाका बखत कायम रहेको व्यक्तिगत बचतलाई ऐन संशोधन भएर प्रारम्भ भएको मितिले पाँच वर्षभित्र तोकिएको सीमाभित्र ल्याउनु पर्ने गर्ने गरी ऐन संशोधनको प्रस्ताव भएको छ ।

५० करोड भन्दा बढीको कारोबार गर्ने सहकारीको नियम राष्ट्र बैंकले गर्नेगरी सहकरारी ऐन संशोधन हुन लागेको छ । '२५ करोड रुपैयाँभन्दा बढी सेयर पूँजी वा ५० करोड रुपैयाँभन्दा बढीको वार्षिक कारोबार गर्ने बचत तथा ऋण सहकारी संस्थाको वित्तीय सुशासन तथा जोखिमको आधारमा त्यस्ता संस्थाको नियमन, निरीक्षण तथा सुपरिवेक्षण नेपाल राष्ट्र बैंकले समेत गर्नेछ' ऐनको संशोधन प्रस्तावमा भनिएको छ ।

यस्तै बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन, निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धमा नेपाल राष्ट्र बैंकले मापदण्ड बनाई जारी गर्ने गरी सहकरी ऐन समेत संशोधन हुन लागेको छ ।

S S Product
माधो एग्रो
धान थ्रेसर



तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने

हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।

कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् ।
नयाँ थ्रेसर मात्र रू. २,२५,०००।- मा लिएर जानुहोस् ।

माधो एग्रो थ्रेसरको विशेषताहरू:

१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।

*शर्तहरु लागु हुनेछ ।

सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०३७०९९

## राजर्षि जनक कपः

# नवजागृति सिमरालाइ हराउँदै संकटा सेमिफाइनलमा प्रवेश

घनश्याम बलम्पाकी

सर्लाही २ फागुन । संकटा क्लव जारी सातौं राजर्षि जनक कप फुटवल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ।



मंगलवार सम्पन्न खेलमा मोफसलको टिम नवजनजागृती यूवा क्लव सिमरालाई ३-० गोल अन्तरले पराजित गर्दै संकटा अन्तिम चारमा प्रवेश गरेको हो । संकटाको जितमा खेलको ३५ औं मिनेटमा जर्सि नम्बर १९ का आयूष घलानले गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए। खेलको ४३ औं मिनेटमा संकटाकै जर्सि नम्बर ११ का गणेश हमालको गोलमा संकटाले खेलको पहिलो हाफ २-० को अवस्थामा पुर्‍याएको थियो । मनिस डाँगीको पासमा हमालले सहज गोल गरेका थिए।

सुरुदेखीनै लयमा खेलेको संकटाका लागि खेलको ६० औं मिनेटमा मनिष डाँगी डिबक्स भित्र सिमराको खेलाडीलाइ छक्याउँदै तेस्रो गोल गरे । उन् को गोल सगैं संकटा ३-० को अवस्थामा पुगेको थियो । खेल अवधी भर अधिक समय बल संकटाको नियन्त्रण रहेको थियो । लगातार आफुलाई खेलमा फर्काउन खोजेको नव जनजागृती फुटलव क्लव सिमरा असफल रह्यो।

खेलमा कुशल प्रदर्शन गरेका डाँगी खेलको म्यान अफ दि म्याच घोषित हुदै ट्रफि र १० हजार नगद पुरस्कार समेत प्राप्त गर्न सफल भए। संकटाको सामु नवजनजागृती सिमरा केही निरिह प्रस्तुत भएको थियो।

जित सगैं संकटाले सेमिफाइनल खेलमा जावलाखेल सगँको भेट पक्का गरेको छ। जावलाखेल प्रि क्वाटरफाइनलमा सशस्त्र प्रहरी र क्वाटरफाइनलमा साविम विजेता पिप्ले यूवा क्लवलाई पराजित गर्दै सेमिफाईलनमा प्रवेश गरेको हो। यस्तै प्रतियोगिताको अन्तिम सेमिफाईनल खेलमा बुधवार (भोली)मच्छिन्द्र फुटवल क्लव र आयोजक बागमती युवा क्लव सर्लाही विच प्रतिस्पर्धा हुनेछ।

सर्लाहीको बागमाती नगरपालिका-११ कर्मैयास्थित स्वर्गीय सन्तोष श्रेष्ठ स्मृती खेल मैदानमा जारी प्रतियोगितामा एक विदेशी क्लब सहित १२ वटा टिम सहभागि प्रतियोगिताका विजेताले नगद १० लाख सहित प्रथम उपाधी प्राप्त गर्नेछ भने उपविजेताले ५ लाख रुपैंया प्राप्त गर्नेछ 'मधेश प्रदेशको शान, राजा जनक प्रतिको सम्मान' भन्ने नारा सहित सूरु भएको प्रतियोगिताको आगामी फागुन ७ गते फाईनल खेल हुने आयोजक बागमती युवा क्लबका अध्यक्ष मैनालीले जानकारी दिए।

# वीरगंजमा क्रिकेट प्रतियोगीता सुरु





मधेशदृष्टि, वीरगंज, २ फागुन।

पर्सा क्रिकेट संघको आयोजनामा मंगलवारदेखि वीरगञ्जको नारायणी रंगशालामा क्रिकेट प्रतियोगिता सुरु भएको छ । प्रतियोगिताको वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले उद्धाटन गर्दै खेल क्षेत्रको विकासका लागि महानगर सहयोग गर्न सदैब तयार रहेको बताएका छन । उनले वीरगञ्जको पहिचान देशभर र विदेशमा समेत फैलाउने गरी आफ्नो प्रदर्शन देखाउन खेलाडीहरुलाई आग्रह पनि गरे । आगामी फागुन ९ गते सम्म चल्ने प्रतियोगितामा वीरगञ्जका विभिन्न ८ वटा क्रिकेट टिमले सहभागिता जनाएका छन् । प्रतियोगिताको उद्धाटन खेलमा युनाइटेड क्लब विजयी भएको छ । नेशनल इन्फोटेकलाई ४ विकेटले पराजित गर्दै युनाइटेडले विजयी सुरुवात गरेको हो।

टस जितेर व्याटिङ गरेको नेशनल इन्फोटेकले निर्धारित २० ओभरको खेलमा ८ विकेट गुमाउँदै १ सय रनमै समेटिन पुग्यो । १०१ रनको लक्ष्यका साथ मैदान उत्रिएको युनाइटेड १७ ओभर ३ बल खेल्दै ६ विकेटको क्षतिमा लक्ष्य भेटेपछि विजयी बनेको हो । प्रतियोगिता अन्तर्गत बुधवार २ खेल हुने आयोजक पर्सा क्रिकेट संघका अध्यक्ष मुर्तुजा अहमदले जानकारी दिए।

# भारतका प्रधानमन्त्री मोदी र फ्रान्सका राष्ट्रपति म्याक्रोन बीच भिडियो वार्ता हुँदै

नयाँ दिल्ली, २ फागुन,

प्रधानमन्त्री नरेन्द्र मोदीले मङ्गलबार फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनसँग भिडियो सम्मेलन मार्फत कुराकानी गर्दै हुनुहुन्छ।

"आज प्रधानमन्त्री मोदीले फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनसँग ४ः३० बजे भिडियोवार्ता गर्नुहुनेछ," एक अधिकारीले बताएका छन् । पछिल्ला केही वर्षमा भारत र फ्रान्सबीचको सम्बन्ध घनिष्ट हुँदै आएको छ। दुई नेता बीच वार्ताको क्रममा इन्डो-फ्रान्सेली रणनीतिक साझेदारीका सबै पक्षहरू, आतङ्कवाद प्रतिरोध सहयोग, साइबर सुरक्षा, अन्तरिक्ष नीति, युक्रेन द्वन्द्व लगायतका महत्त्वपूर्ण विश्वव्यापी र क्षेत्रीय चुनौतीहरू एवं इन्डो-प्यासिफिक क्षेत्रमा सम्भावित सहयोगलगायतका विषयमा छलफल हुनेछ।

वर्षको पहिलो द्विपक्षीय भ्रमणको रूपमा, भारत र फ्रान्स बीचको वार्ताको उद्देश्य भारत-फ्रान्सेली रणनीतिक साझेदारीको थप विस्तारको लागि मार्ग प्रशस्त गर्ने उद्देश्यले यो वर्ष २५ औं वार्षिकोत्सव पनि मनाइदैछ।

प्रधानमन्त्री मोदी र राष्ट्रपति म्याक्रोनबीच हार्दिक सम्बन्ध छ। भारतले जी-२० को अध्यक्षता ग्रहण गरेसँगै फ्रान्सेली राष्ट्रपतिले भारतको नेतृत्वमाथि पूर्ण विश्वास व्यक्त गरेको देखिन्छ।

म्याक्रोनले ट्वीटमा उल्लेख गर्नु भएको छ- "मित्र प्रधानमन्त्री नरेन्द्र मोदी लगायत सबैलाई दिगो शान्ति स्थापना गर्ने अभियानमा एकजुट हुन प्रेरणा र सहयोग मिलोस् ।'



राष्ट्रपति म्याक्रोनले पृथ्वी सबैको एक साझा घर भएकाले साझा भविष्यका लागि सबैको प्रयत्न आवश्यक भएको भन्दै भारतले जी-२० को नेतृत्व गरेसँगै यसको नेतृत्व गर्न समेत सफल हुने विश्वास व्यक्त गर्नु भएको छ। (रासस-एएनआई)

# मधेशस्तरिय दौड प्रतियोगीताको आयोजन

मधेशदृष्टि, वीरगंज, २ फागुन।

नेपाल खेलकुद महासंघ समाजवादी पर्साले पहिलो मधेश प्रदेश स्तरीय ओपेन क्रसकन्ट्री दौड प्रतियोगिताको आयोजना गर्ने भएको छ।

आगामी फागुन १३ गते शनिवार कक्षा ८ देखि १२ सम्म पठन पाठन गर्ने विद्यार्थीहरुलाई लक्षित गर्दै नयाँ प्रतिभाको खोजीको लागि पर्सा लगायत ८ वटा जिल्लाका विद्यार्थीहरुको सहभागितामा दौड प्रतियोगिताको आयोजना गर्न लागिएको नेपाल खेलकुद महासंघ समाजवादी पर्साका अध्यक्ष विशेश्वर पटेलले जानकारी दिए।

देशमै पहिलो पटक यो प्रतियोगिता आयोजना हुन लागेकोमा महासंघले सम्पूर्ण मधेश प्रदेशका संस्थागत तथा सामुदायिक विद्यालयहरुलाई विद्यार्थी तथा छात्रछात्रा प्रतिस्पर्धाका लागि सहभागि गराई दिन अनुरोध गरेको छ।

# टर्की र सिरियाका भूकम्पपीडितको सहयोगमा विश्व समुदायको ध्यान केन्द्रित

टर्कीए, २ फागुन

कहरामनमारासलाई केन्द्रविन्दु बनाएर हालै भएको शक्तिशाली भूकम्पमा छत्तीस हजारभन्दा बढीको हताहतिपछि अब टर्कीए र सिरियाका भूकम्पपीडितको सहयोगमा विश्व समुदायको ध्यान केन्द्रित भएको छ।



अकल्पनीय क्षतिले निम्त्याएको मानवीय सङ्कटलाई सम्बोन गर्न, घरबार बिहीन भएका लाखौंलाई सहयोग गर्न, उनीहरूका निम्ति गाँस र बासको व्यवस्थातर्फ उनीहरूको ध्यान केन्द्रित भएको हो । भूकम्पका कारण रसदपानीको अभाव र चरम चिसोले नराम्ररी पिरोलिएका भूकम्पपीडित भग्नावशेषमा आफन्तलाई जीवितै फेला पार्ने आश मारेर बसेका छन् । यद्यपि खोज तथा उद्धार जारी छ।

हालसम्म १२ लाख भूकम्पपीडितलाई विद्यार्थीका आवासमा अस्थायी रूपमा व्यवस्थापन गरिएको, दुई लाख छ हजारभन्दा बढी पाल टाँगेर बासको व्यवस्था गरिएको तथा चार लाख पीडितलाई प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा स्थानान्तरण गरिएको टर्कीए सरकारले जनाएको छ। भत्किएका भवनका भग्नावशेषबाट जीवित उद्धार गरिएका पाँच सय ७४ जना बालबालिकामध्ये ७६ जनालाई तिनका अभिभावकसमक्ष सुम्पिइएको छ। धेरैका आमाबाबु अझै बेपत्ता छन् । उनीहरू बोल्न नसक्ने भएकाले उनीहरूका अभिभावक पत्ता लगाउन कठिन भएको उनीहरूको भनाइ छ।

भैँचालोले तहसनहस भएको टर्कीएको अन्टाक्या शहरका केही स्थानमा टेलिफोन नेटवर्क सञ्चालनमा आएको, भग्नावशेष पन्छाउँदै शौचालय निर्माण थालिएको छ । शहरमा लुटपाटका घटना दोहोरिन नदिन सुरक्षाकर्मी तैनाथ गरिएको छ । खाद्यान्न र अन्य सहायता सामग्री बोकेका सवारी साधन आइरहेका छन् । प्रारम्भिक आकलनअनुसार टर्कीएमा ८५ अर्ब अमेरिकी डलर बराबरको क्षति भएको छ। झण्डै ७१ अर्ब डलरको भौतिक क्षति आवास क्षेत्रमा भएको छ। एक दशकभन्दा लामो समयदेखि गृहयुद्धले गाँजेको सिरियाको क्षतिको आकलन भइसकेको छैन । विद्रोहीको नियन्त्रणमा रहेका सिरियाली भूभागमा राहत सामग्री कसरी पुऱ्याउने भन्ने चिन्ताबाट संयुक्त राष्ट्रसङ्घ मुक्त हुन सकेको छैन।

दुवै देशका पीडितहरू समयमै सहायता प्राप्त नभएकामा आक्रोशित छन् । सिरियाका राष्ट्रपति बसर अल असदले ध्वस्त भएका देशका भौतिक पूर्वाधार निर्माणमा मद्दत गर्न अन्तर्राष्ट्रिय सहयोगा निम्ति आह्वान गर्नुभएको छ । करिब ५० लाख सिरियाली युद्धसँगै भूकम्पबाट घरबारविहीन भएका छन् । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सिरियामा मानवीय सहायता परिचालन गर्न उत्तरपश्चिम सिरियाका दुई वटा नाका खोल्न राष्ट्रपति असद सहमत हुनुभएको बताउनुभएको छ।

सिरियाको यातायात मन्त्रालयका एक जना अधिकारीका अनुसार हालसम्म राहत सामग्री लिएर विभिन्न देशका ६२ विमान सिरिया आएका छन् । आगामी दिन थप सहायता सामग्री प्राप्त हुने अपेक्षा गरिएको उनले बताएका छन्।

साउदी अरबबाट थप सहायता प्राप्त हुने उनको विश्वास छ। संयुक्त राष्ट्रसङ्घका अधिकारीहरूले घर भत्केका लाखौं सिरियालीलाई अधिकभन्दा अधिक सहायता आवश्यक भएको बताएका छन्।

सोमबार सुडानले ३० टन राहत सामग्री पठाएको छ । सोमबार नै अस्थायी आवास निर्माणमा प्रयोग हुने सामान बोकेका मालबाहक सवारी साधन टर्कीएबाट उत्तरपश्चिम सिरिया पुगेका छन्।

(रासस/एएफपी)

# रणनीतिक साझेदारी विस्तार गर्न इरानी राष्ट्रपति रायसी चीन भ्रमणमा

बेइजिङ, २ फागुन

इरानका राष्ट्रपति इब्राहिम रायसी उच्चस्तरीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै चीनको तीनदिने राजकीय भ्रमणमा आज यहाँ आइपुग्नुभएको छ। विदेश, अर्थ, सडक तथा यातायता, ऊर्जा, उद्योग, खानी तथा व्यापार, कृषिमन्त्री, केन्द्रीय ब्याङ्कका प्रमुखसहित उच्च अधिकारी उहाँको प्रतिनिधिमण्डलमा हुनुहुन्छ।

इरानी राष्ट्रपतिले आफ्ना चिनियाँ समकक्षी सी चिनफिङसँग ग्रेट हल अफ द पिपलमा भेटवार्ता गर्ने तथा पारस्परिक सहयोगसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्ने कार्यक्रम छ। बीस वर्षपछि इरानी राष्ट्रपति चीनको भ्रमणमा हुनुहुन्छ । दुवै देशका प्रतिनिधिमण्डलबीच वार्ता हुने इरानी समाचार समिति इर्नाले जनाएको छ।



सुदृढ एवम् सुमधुर सम्बन्ध कायम गरेका चीन र इरानले सन् २०२१ मा ऊर्जा, पारवहन, कृषि, व्यापार तथा लगानीका क्षेत्रमा आपसी सहयोग अभिवृद्धि गर्न २५ वर्षे रणनीतिक सहयोग सम्झौतामा हस्ताक्षर गरेका थिए । करिब एक वर्षअघि शुरु भएको युक्रेन युद्धलाई लिएर चीन र इरानले पश्चिमा राष्ट्रको दबाब झेलिरहेका छन् भने अमेरिकाले तेहरानको आणविक कार्यक्रमलाई लिएर नाकाबन्दी लगाएको छ। रुसको सहयोगीका रुपमा इरान उभिएकाले उसलाई अन्तर्राष्ट्रिय समुदायले एक्ल्याउने प्रयास गरिरहेका छ।

अमेरिकालगायत पश्चिमा राष्ट्रले युक्रेन युद्धमा सघाउन तेहरानले मस्कोलाई ड्रोन उपलब्ध गराएको आरोप लगाएका छन्भने इरानले त्यसलाई आधारहीन भन्दै खण्डन गरेको छ । इरान र रुसबीचको समीपता, हतियार सहयोगलगायत मामिलालाई लिएर हालै अमेरिकाले इरानको आलोचना गर्दै नयाँ प्रतिबन्ध लगाएको छ।

युक्रेन युद्ध चीनका निम्ति पनि प्रतिष्ठा र संवेदनशील मुद्दा बनेको छ । आफ्नो रणनीतिक साझेदार मस्कोलाई कूटनीतिक समर्थन गर्दा बेइजिङ पनि अमेरिकासहित पश्चिमा देशको आलोचनाको पात्र बनेको छ । चीन र अमेरिकाबीचको विगतदेखिको तिक्ततापूर्ण सम्बन्ध सुमधुर बन्न सकेको छैन।

पछिल्लो पटक गत सेप्टेम्बर चीन र इरानका राष्ट्रपतिबीच उज्वेकिस्तानमा साङ्घाइ सहयोग सङ्गठनको शिखर सम्मेलनका क्रममा भेटवार्ता भएको थियो । त्यस बेला इरानी राष्ट्रपति द्विपक्षीय सम्बन्धलाई अझ घनीभूत तुल्याउनुपर्नेमा जोड दिनुभएको थियो।

चीन इरानको सबैभन्दा ठूलो व्यापार साझेदार हो । इर्नाले दुई देशका पछिल्ला आर्थिक एवम् व्यापारिक गतिविधिबारे दिएको जानकारी अनुसार तेहरानबाट १२ अर्ब ६० करोड अमेरिकी डलर बराबरका सामान चीन निर्यात भएका छन् भने बेइजिङबाट तेहरानले १२ अर्ब ७० करोड अमेरिकी डलर बराबरका सामन आयत गरेको छ।

यसैबीच, चिनियाँ विदेशमन्त्रालयका प्रवक्ता वाङ विनले भ्रमणका क्रममा राष्ट्रपति रायसीले चीनका प्रधानमन्त्री ली खछ्याङ र शीर्ष विधायक ली झान्सुसँग भेटवार्ता गर्ने बताएका छन्। मध्यपूर्वमा एकता र सहयोग अभिवृद्धि गर्ने तथा क्षेत्रीय सुरक्षा र शान्ति प्रवर्द्धनमा रचनात्मक भूमिका निर्वाह गर्ने चिनियाँ चाहना पनि उनले अभिव्यक्त गरेका छन् । चीनको यो रणनीतिक उद्देश्य प्राप्तिमा तेहरानको भूमिका अहम् हुने चीनको विश्वास छ । (रासस/एएफपी)

# कोरोनाबाट क्यालिफोर्नियामा एक करोड बीस लाख प्रभावित

लस एञ्जलस, २ फागुन

अमेरिकाको सबैभन्दा वढी जनघनत्व भएको राज्य क्यालिफोर्नियमा कोभिड-१९ बाट एक करोड २० लाख मानिस प्रभावित भएका एक प्रतिवेदनले देखाएको छ।

चार करोड जनसङ्ख्या रहेको क्यालिफोर्निया राज्यमा गत शुक्रबारसम्म कोरोनाबाट प्रभावित भएकाको विवरण सार्वजनिक गर्दै लस एञ्जलस टाइम्सले महामारीले विकराल रुप लिएका बेला कैयौंले परीक्षण नगराएका, केहीले घरमै जाँच गराएकाले पीडितको संख्या अझ अधिक भएको जनाएको छ । यो वर्षको प्रारम्भसँगै महामारी पनि नियन्त्रणमा आएकाले परिस्थिति सामान्य भएको छ।

क्यालिफोर्नियाका गभर्नर गाभिन न्युसमले गत अक्टोबरमा कोभिडका कारण राज्यमा लागू गरिएको आपत्काल यसै महिनाको २८ तारिखदेखि अन्त्य हुने घोषणा गरेका थिए । करिब चार वर्षदेखि उक्त राज्यमा आपत्काल लागू भएको थियो । सन् २०२१ मा क्यालिफोर्निया महामारीको केन्द्रविन्दु नै बनेको थियो । त्यस वर्ष उक्त राज्यमा ५० लाख मानिस कोरोनाबाट सङ्क्रमित भएका थिए । गत अगष्टसम्म उक्त राज्यमा एक करोड मानिस सङ्क्रमणको शिकार भएका थिए। (रासस /सिन्हवा)



स्थानियतहको निमार्ण भएपछि ग्रामीण क्षेत्रमा पनि विकासे क्रियाक्लाप बढदै गएको छ , धनुषाको औरही गाउँपालिका वडा नं.५ चक्कर टोलमा परिक्रमा सडक देखि भठ्ठी पोखरी सम्म पि.सि.सि. ढलान निर्माण कार्य हुँदै गरेको दृश्य । *तस्विर : मधेशदृष्टि*

# सेजको निर्माणाधिन भवन भत्किदा दुई घाइते

मधेशदृष्टि
वीरगंज, २ फागुन ।
विशेष आर्थिक क्षेत्र प्राधिकरण सिमरा 'सेज' मा निर्माणाधीन भवन भत्किँदा २ जना घाइते भएका छन् ।
मोरङ जिल्ला सुनबारी नगरपालिका वडा नं ६ बस्ने २० वर्षीय अर्जुन मुर्मुरे र २६ वर्षीय मोहन मुर्मुरे घाइते भएका हुन् । सेजको प्रदर्शनी हलको ढलान छत भत्किएर उनीहरू घाइते भएका छन् । करिब ९ करोडको लागतमा प्रदर्शनी हल निर्माण भइरहेको छ ।
घाइतेहरूको सिमरास्थित तराई अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यलय बाराका प्रहरी निरीक्षक रूद्र कँडेलले जानकारी दिएका छन् । पिलरको उचाइ बढी हुँदा ढलान भएको भवनको टेकोमा समस्या आएर भत्किएको सिमरा सेजका इन्जिनियर यज्ञराज जोशीले बताए । स्थानीयले ठेकदारको लापरबाहीले निर्माणाधीन भवन भत्किएको आरोप लगाएका छन् । प्रदर्शनी हल निर्माणको जिम्मा प्रतिष्ठा निर्माण कम्पनीले लिएको छ । हल एक हजार २५० वर्ग मिटरको बन्ने सम्झौतामा उल्लेख छ । उद्योगका लागि आवश्यक भौतिक संरचना निर्माणमा सेजले पाँच अर्बभन्दा बढी खर्च गरिसकेको छ ।
हलको छत भत्किएपछि प्रहरीले सह- ठेकेदार इटहरीका ४५ वर्षीय प्रदिप बजगाईलाई पक्राउ गरेको छ ।

# अध्यक्ष झालाई गोतामे स्मृति स्वर्णपदक पत्रकारिता पुरस्कार प्रदान

मधेशदृष्टि, वीरगंज, २ फागुन ।
स्वर्गीय गोपालचन्द्र गोतामे स्मृति स्वर्णपदक पत्रकारिता पुरस्कार धनुषाकी पत्रकार मनिका झालाई प्रदान गरिएको छ । स्वर्गिय पत्रकार गोपालचन्द्र गौतम प्रतिष्ठान द्वारा मंगलवार वीरगन्जमा आयोजित एक कार्यक्रमका विच नेपाल पत्रकार महासंघ धनुषाकी अध्यक्ष समेत रहनु भएकी झालाई एक तोला सुन सहितको सो पुरस्कार प्रदान गरिएको हो । कार्यक्रममा वीरगन्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंह , स्वर्गीय पत्रकार गोपालचन्द्र गौतमकी पत्नि सुधा गौतम र पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले झालाई पत्रकारिता स्वर्ण पदक प्रदान गरे । वीरगन्जका पत्रकार स्वर्गीय गौतमको स्मृतिमा १३ वर्ष पहिले स्थापित स्वर्गीय गोपालचन्द्र गौतम प्रतिष्ठानद्वारा सामाजिक उत्तरदायित्व अनुरूप अब्बल पत्रकारिता गर्ने एक जना पत्रकारलाई प्रत्येक वर्ष छनौट गरी एक तोला सुनको तक्मा सहितको पुरस्कार प्रदान गर्दै आएको छ । यसअघि यो पुरस्कारबाट देशका विभिन्न जिल्लाका ११ जना पत्रकार पुरस्कृत भइसकेका छन् । यो पुरस्कार अघिल्लो वर्ष सप्तरीका पत्रकार बैजनाथ झाले पाएका थिए । प्रतिष्ठानका अध्यक्ष जगदीश शर्माको अध्यक्षतामा भएको कार्यक्रमलाई सम्बोधन गर्दै वीरगन्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले स्वतन्त्र पत्रकारिता लोकतन्त्रको गहना भए पनि केही व्यक्तिहरुले पत्रकारितालाई माध्यम बनाएर समाजलाई दुषित पार्ने काम गरेकोमा दुःख व्यक्त गरे । उनले वीरगंज महानगरपालिकाले पत्रकारिता क्षेत्रको संस्थागत विकासका लागि महत्वपूर्ण योगदान पुर्‍याएको बताउदै स्थानिय संचारमाध्यमको सम्बर्द्धन र प्रवर्द्धनका लागि महानगरपालिका प्रतिबद्ध रहेको बताए । कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी, प्रतिष्ठानका उपाध्यक्ष वरिष्ठ पत्रकार चन्द्र किशोर, वीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष डा. सुबोध गुप्ता, प्रतिष्ठानका कोषाध्यक्ष शत्रधुन नेपाल, स्वर्गीय पत्रकार गौतमका सुपुत्र हिमालचन्द्र गौतम, लगायतको सहभागिता थियो ।




# बेपता भएको ९ महिनापछि देबानको उद्धार



मधेशदृष्टि
वीरगंज, २ फागुन ।
वीरगंज महानगरपालिका वडा नं २१ निवासी इब्राहिम देवान बेपत्ता भएको ९ महिना पछि भारतको समस्तीपुरबाट उद्धार गरिएको छ ।
वीरगंज महानगरपालिका वडा २१ निवासी शाह महमदको छोरा इब्राहिम देवान गत जेठ ७ गते भारतमा उपचारका लागि लैजाने क्रममा किछौछा दरगाह सरीफबाट बेपत्ता भएका थिए ।
बेपत्ता भएका देवान ९ महिना पछि भारतको समस्तीपुर जिल्लामा मुमरी धरारी थाना नजिक रुपौली नजिकै फेला परेका थिए ।
उ न ल ा इ ँ वीरगंज महानगरपालिकाको बालअधिकार समितिको विशेष पहलमा बाल कल्याण शाखाकी साबित्री भण्डारीको पहलमा भारतको विभिन्न स्थानहरुमा भएका बाल गृहहरुसँग समन्वय गरि उद्धार गरिएको थियो । हराएका व्यक्तिलाई माघ २९ गते परिवारको जिम्मा लगाईएको छ । बीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमको नेतृत्वमा रहेको खोज तलाश समितिले ९ महिना देखि हराएका इब्राहिम देवानलाई पत्ता लगाउन सफल भएको छ ।
पीडित परिवारजनले बिरगंज महानगरपालिकाका उपमेयर इम्तियाज आलम सहित बाल अधिकार समितिकी साबित्री भण्डारीलाई आभार व्यक्त गरेका छन ।

# ई रिक्सा पल्टेर बालकको मृत्यु

मधेशदृष्टि
वीरगंज, २ फागुन ।
बीरगंज महानगरपालिका वडा नम्बर १० टाउन हल नजिकै तिव्र गतिमा रहेको ई-रिक्सा अनियन्त्रित भई पल्टिदा १८ महिने बालकको मृत्यु भएको छ भने मृतकको बुवा गम्भिर घाइते भएका छन ।
मंगलवार अपरान्ह ३ बजे आदर्शनगर टाउन हल नजिकै स्थानिय राम सुन्दर दास तत्माले चलाइ रहेको ना.१ ह ३७४० नम्बरको ई-रिक्सा घुम्तिमा अनियन्त्रित भई पल्टिदा ई-रिक्सामा सवार वीरगञ्ज महानगरपालिका वडा नं.१० पानीटंकी निवासी राजिव कुमार माली र निजको १८ महिने छोरा रिशव माली टाउकोमा चोट लागी गम्भिर घाइते भएकोमा बालकको मंगलवार साँझ उपचारको क्रममा नेशनल मेडिकल कलेज शिक्षण अस्पताल वीरगंजमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी दिपक गिरीले जानकारी दिए ।
दुर्घटनामा गम्भिर घाइते बालकको बुवा राजिव कुमार मालीको नेशनल मेडिकल कलेजमा शिक्षण अस्पतालमा उपचार भई रहेको प्रहरीले जनाएको छ । दुर्घटना ग्रस्त ई रिक्सा र त्यसका चालक राम सुन्दर दास तत्मालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# जसपा पर्साद्वारा उर्जा मन्त्री कलबार सम्मानित

मधेशदृष्टि
वीरगंज, २ फागुन ।
जसपा पर्साले मंगलवार एक कार्यक्रमका विच मधेश प्रदेशका ऊर्जा तथा खानेपानी विकास मन्त्री सिंहासन साह कलवारलाई सम्मान गरेको छ ।
जसपा पर्साका अध्यक्ष रामनरेश प्रसाद यादवको अध्यक्षतामा सम्पन्न सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री कलवारले पार्टीकै कारण मंगलवार आफु मन्त्री भएको बताउदै पार्टीप्रतिको इमान्दारीता र जिम्मेवारी बहन गरेको कदर स्वरुप आफूले मन्त्री पाएको बताएका ।
कार्यक्रममा जसपाका केन्द्रीय सदस्यहरु फिरोज मन्सुर, सलमा खातुन, रेखा साह, प्रदेश उपाध्यक्ष बृजमोहन तिवारी, पर्साको धोबिनी गाउँपालिका अध्यक्ष मदन प्रसाद चौहान, पर्सा जिल्ला सहइन्चार्ज महाराज यादव लगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सहजीकरण जसपा पर्साका सचिव तबरेज अहमदले गरेका थिए ।

# कर्मचारीमाथि कुटपिट घटनाको भर्त्सना

मधेशदृष्टि
जनकपुरधाम, २ फागुन । धनुषाको मुखियापट्टी मुसहरनियाँ गाउँपालिकामा कार्यरत कर्मचारीमाथि कुटपिट भएको घटनाप्रति नेपाल निजामति कर्मचारी युनियनले भर्त्सना गर्दै कारवाहीको माग गरेको छ । नेपाल निजामति कर्मचारी युनियनले एक विज्ञप्ती जारी गर्दै घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै भर्त्सना गरेको हो । गत माघ २५ गते मुखियापट्टी मुसहरनियाँ गाउँपालिकाको कार्यालयमा कार्यरत कर्मचारीद्वय अधिकृत छैठौं श्रवण कुमार यादव र आन्तरिक लेखा परीक्षक सहायक पाँचौ नविन कुमार साहमाथि सोही गाउँपालिकाका अध्यक्ष जयकुमार यादव र निमित्त प्रमुख प्रशासकीय अधिकृत रामपुकार दास लगायत उनको आसेपासे समेतको समूहले कुटपिट र गाली बेइज्जती समेत गरेको आरोप लगाइएको छ । नेपाल निजामति कर्मचारी युनियनले जारी गरेको विज्ञप्तीमा भनिएको छ, 'घटनाप्रति यस निजामति कर्मचारी युनियन जिल्ला कार्यसमिति धनुषाको गम्भीर ध्यानाकर्षण भएको छ । युनियन परिवार घोर भर्त्सना गरि घटनाप्रति खेद प्रकट गर्दछौं ।'
'राष्ट्रसेवामा अहोरात्र खटिएका राष्ट्रसेवक कर्मचारीमाथि गरिएको भौतिक एवं मानसिक आक्रमण समग्र राष्ट्रसेवक कर्मचारीमाथि कै प्रहार हो भन्ने हाम्रो ठहर रहेको छ, 'यस किसिमको अमानवीय कार्यमा संलग्न दोषिमाथि कडा भन्दा कडा कारवाहीका लागि सम्बन्धित निकाय समक्ष जोडदार माग गर्दछौं ।'
युनियनले दोषीमाथि उचित कारवाही तथा पिडीतले न्याय नपाए नेपाल निजामति कर्मचारी युनियन जिल्ला कार्यसमिति धनुषाले चरणवद्ध आन्दोलन गर्ने चेतावनीसमेत दिइएको युनियनका उपाध्यक्ष चन्द्र नारायण मण्डल र सचिव प्रकाश कुमार कर्णद्वारा हस्ताक्षरित विज्ञप्तीमा उल्लेख छ ।



# लामखुट्टे नियन्त्रण गर्न महानगरपालिका अग्रसर

मधेशदृष्टि, वीरगंज, २ फागुन ।
जाडोयामको अन्त्य हुन लागेसँगै बीरगंजमा लामखुट्टे आतंक बढेपछि आगामी फागुन १० गतेबाट वीरगंज महानगरपालिकाले लामखुट्टे नियन्त्रणका लागि पम्प तथा ऐयर स्प्रे कार्यक्रम शुरु गर्न लागेको छ । गर्मीको सुरुवात सँगै बढदो लामखुट्टेको प्रकोप र त्यसबाट फैलिन सक्ने डेंगु, मलेरिया जस्ता प्राणघातक रोगको संक्रमणलाई नियन्त्रण गर्न वीरगंज महानगरपालिकाको वडा नम्बर १ देखि ३२ सम्म लामखुट्टेको लार्भा मार्नको लागि विहानको समयमा ३ राउण्ड पम्प स्प्रे तथा ब्यस्क लामखुट्टे मार्नका लागि बेलुकी २ राउण्ड ऐयर स्प्रे कार्यक्रम शुरु गर्न लागिएको वीरगंज महानगरपालिकाका सरसफाई व्यवस्थापन शाखाका प्रमुख सरसफुद्दिन मियाँले जानकारी दिए । महानगरपालिकाले आगामी फागुन १० गते देखि चैत्र ६ गते सम्म महानगरका ३२ वटै वडामा लामखुट्टे नियन्त्रणका लागि पम्प तथा ऐयर स्प्रे गरिने मियाँले जानकारी दिए ।

# ट्रकको ठक्करबाट साइकल यात्रीको मृत्यु

मधेशदृष्टि
वीरगंज, २ फागुन ।
वीरगञ्जमा ट्रकको ठक्करबाट एक जना साइकल यात्रीको मृत्यु भएको छ ।
वीरगञ्ज महानगरापालिका-२० अपौनीका नागेन्द्र ठाकुरको मृत्यु भएको हो । गएराति करिब साढे ७ बजेतिर वीरगञ्ज-२० स्थित अपौनी चोकमा उनलाई ट्रकले ठक्कर दिएको थियो । बहुअरीबाट परवानीपुरतर्फ गइरहेको बा प्र ०३-००१ ख १४१८ नम्बरको ट्रकले परवानीपुरबाट अपौनीस्थित घर फर्कदै थिए ।
अपौनी चोकबाट साइकललाई दायाँ मोड्दै गर्दा ठाकुरलाई ठक्कर दिएको प्रत्यक्षदर्शीले जनाएका छन् । ठाकुर सडक किनारमा रहेको सिमेन्ट रेलिङमा च्याप्पिइ गम्भिर घाइते भएका थिए । प्रहरी उपरीक्षक कोमल शाह नेतृत्वको टोलीले उनलाई उद्दार गरेर नारायणी अस्पताल पुऱ्याएको थियो ।
चिकित्सक टोलीले ईसिजी लगायतको चेकजाँच पछि ठाकुरको मृत्यु भइसकेको घोषणा गरेका थिए । ट्रकसहित चालक मकवानपुर थाहा नगरपालिका-४ पालुङ घर भएका ३३ वर्षीय रमेश गोम्बालाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिए ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल